# सार्वजनिक शौचालयसम्बन्धी दिग्दर्शन

## (निर्माण, सञ्चालन र व्यवस्थापन)

२०८३

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं ।

# सार्वजनिक शौचालयसम्बन्धी दिग्दर्शन

## (निर्माण, सञ्चालन र व्यवस्थापन)

२०८३

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
पानीपोखरी, काठमाडौं ।

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**

**पानीपोखरी, काठमाडौं**

*महानिर्देशकको सन्देश*

यो सार्वजनिक शौचालयसम्वन्धी दिग्दर्शन जनस्वास्थ्य, मर्यादा र वातावरण संरक्षणका लागि राज्यले गरेका प्रतिबद्धताप्रति सरसफाइ क्षेत्रले हासिल गरेको महत्वपूर्ण उपलब्धि हो । सुरक्षित, सफा र पहुँचयोग्य सार्वजनिक शौचालयहरु समावेशी सहरका महत्वपूर्ण मापदण्ड हुन् । यसले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुसहित सबैको स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गर्दछ । राम्रो तरिकाले योजना तथा व्यवस्थापन गरिएका सार्वजनिक सरसफाइका सुविधाहरुले जनस्वास्थ्यसम्बन्धी राष्ट्रिय विकासका प्राथमिकतालगायत विश्वाव्यापीरुपमा आधारभूत सेवामा सर्वसुलभ पहुँचका लागि गरिएका प्रतिबद्धता समेतमा यसले योगदान पुर्‍याउँदछ ।

यस दिग्दर्शनले सार्वजनिक शौचालयको स्थान छनोट, डिजाइन, पहुँच, सुरक्षा, सरसफाइ, सञ्चालन तथा मर्मतसम्भारक लागि साझा सिद्धान्त एबम् न्यूनतम् सेवा मापदण्डहरू निर्धारण गरेको छ, ताकि जस्तो सुकै वित्तीय स्रोत, निर्माणकर्ता वा व्यवस्थापक भए पनि सार्वजनिक शौचालयको सुविधा स्वीकार्य मापदण्ड अनुसार सञ्चालन गर्न सकियोस् ।

यसैकारण, म सबै स्थानीय तहलाई सार्वजनिक शौचालयको योजना, निर्माण, सञ्चालन तथा मर्मतसम्भारका क्रममा यस दिग्दर्शनलाई सन्दर्भ सामग्री कागजपत्रका रूपमा प्रयोग गर्न तथा स्थानीय आवश्यकता र अवस्थालाई मध्यनजर गर्दै प्रयोग गर्न आग्रह गर्दछु । साथै, आर्किटेक्ट, इन्जिनियर, सहरी योजनाविद् तथा सरसफाइसम्वन्धी काम गर्ने व्यवसायीहरुलाई पनि यस दिग्दर्शन प्रयोग गर्न अनुरोध गर्दछु । यसले गर्दा सार्बजनिक शौचालयको प्राविधिकलगायत समावेशी, प्रयोगकर्ता-मैत्री र आर्थिक दिगोपनका पक्षहरू राम्ररी समेटियोस् ।

यस रुपान्तरणकारी दिग्दर्शनको अवधारणा विकासदेखि तयारी र प्रकाशनका अन्तिम चरणहरुमा प्राविधिक सहयोगका लागि वाटरएड नेपाल (गोविन्द श्रेष्ठको विषयगत नेतृत्वमा सुश्रृना मानन्धर, सीमा रजौरिया, सर्वज्ञ श्रेष्ठ, कविन्द्र पुडासैनी), प्राविधिक परामर्शका लागि खानेपानी मन्त्रालय र खानेपानी तथा ढल व्यवस्थापन विभागका प्राविधिक समिति (प्रभात श्रेष्ठ, अमित रंजित, रजित ओझा, मधु खनाल, सञ्जु लामिछाने, चन्द्रकुमार पाँ श्रेष्ठ) र तयारीमा महत्वपूर्ण विशेषज्ञ योगदानका लागि ट्रायाङ्गल सोलुसन प्रा लि (प्रज्वल श्रेष्ठ, यशोदा श्रेष्ठ प्रधान, अनिल महर्जन, इमान महर्जन) प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

साथै यो दिग्दर्शन छपाइका लागि सहरव्यापी समावेशी सरफाइ प्रणाली विस्तार परियोजनाअन्तर्गत आर्थिक सहयोग प्रदान गरेकोमा वाटरएड र संयुक्त राष्ट्र मानव बसोबास कार्यक्रमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

....................

**कमलराज श्रेष्ठ**
महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**

**पानीपोखरी, काठमाडौं**

*शाखा प्रमुखको सन्देश*

स्थानीय तहमा जनस्वास्थ्य, वातावरण संरक्षण तथा प्रयोगकर्ताको मर्यादा सुनिश्चित गर्नका लागि यस सार्वजनिक शौचालय दिग्दर्शन एक प्रमुख साधनका रूपमा प्रस्तुत गर्न पाउँदा म धेरै खुशी छु। सार्वजनिक शौचालयहरू सफा-सफाइ प्रणालीको महत्वपूर्ण अंङगको रुपमा रहेको छ।

उचित डिजाइन गरिएका सार्वजनिक शौचालयहरू फोहोरपानी तथा दिसाजन्य लेदो व्यवस्थापनसँग एकीकृत गरिएको खण्डमा यसले सफा र स्वस्थ समुदाय निर्माणप्रतिको हाम्रो प्रतिबद्धतालाई थप टेवा पुर्‍याउँदछ।

यस दिग्दर्शनले छरिएको तथा योजनाबिना सार्वजनिक शौचालय निर्माण गर्ने पद्धतिलाई एकीकृत तथा सवमान्य मापदण्डमा आधारित प्रणालीगत पद्धतितर्फ अघि बढ्न दिशानिर्देश गरेको छ। यसले सार्वजनिक शौचालयको आकार, डिजाइन, शौचालयभित्रको हावा प्रवाह, उज्यालोको व्यवस्था, हात धुने सुविधा, पहुँच, सुरक्षा, समावेशीता, फोहोर व्यवस्थापन, नियमित सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी प्राविधिक तथा सेवाका मापदण्डहरू स्पष्ट रूपमा प्रस्तुत गरेको छ। ढल व्यवस्थापन र वातावरणीय सरसफाइसँग सम्बन्धित निकायहरूका लागि यो दस्तावेजले नयाँ लगानीलाई विद्यमान प्रयासहरूसँग समन्वय गर्न, स्रोत-मैत्री प्रविधिको प्रवर्द्धन गर्न र वातावरणीय असर कम गर्न सहयोग गर्नेछ।

म सबै नगरपालिकाका इन्जिनियर, योजनाविद्, आर्किटेक्ट तथा निर्माण व्यवसायीहरूलाई परियोजना पहिचान र सम्भाव्यता अध्ययनदेखि डिजाइन, निर्माण, ढल प्रणाली वा स्थलगत प्रशोधन प्रणालीसँग जडानलगायत दैनिक व्यवस्थापनका प्रत्येक चरणहरूमा यो दिग्दर्शनको प्रयोग गर्न अनुरोध गर्दछु।

यो शाखा दिग्दर्शनको नियमित अद्यावधिक, प्राविधिक सहयोग र क्षमता विकासका लागि सधैं प्रतिबद्ध रहने विश्वास व्यक्त गर्दछ।

.........................
**चन्द्रकुमार पाँ श्रेष्ठ**
सि.डि.ई., ढल व्यववस्थापन तथा सरसफाइ शाखा

**१. परिचय** **१**
१.१. दिग्दर्शन उद्देश्य ...... १
१.२. क्षेत्र र उपयोगिता ...... १
१.३. शौचालयको उचित प्रयोगको महत्व ...... २

**२. स्थान र पहुँच** **३**
२.१. उपयुक्त स्थानको छनोट ...... ३
२.२. पहुँचसम्बन्धी डिजाइनको लागि ध्यान दिनुपर्ने कुराहरू ...... ३
२.३. चिन्ह र दिशानिर्देश (Signage and Wayfinding) ...... ३

**३. सार्वजनिक शौचालयका प्रकारहरू** **४**
३.१. आकारको आधारमा ...... ४
३.२. सङ्ख्याको आधारमा ...... ४
३.३. स्थानको आधारमा ...... ४

**४. शौचालयको सुविधाहरू** **५**
४.१. शौचालयको Fixtures का प्रकारहरू ...... ५
४.२. शौचालय प्यान र कमोड ...... ५
४.३. लैङ्गिक-तटस्थ शौचालय (Gender-Neutral Toilets) ...... ६
४.४. बालमैत्री सुविधाहरू ...... ७
४.५. अपाङ्गमैत्री सुविधाहरू ...... ७

**५. पानी भण्डारण** **८**
५.१. पानी भण्डारणको उद्देश्य ...... ९
५.२. पानी भण्डारण प्रणालीको प्रकार ...... ९
५.३. पानी भण्डारण ट्याङ्कीको क्षमता योजना ...... ९
५.४. पानीको गुणस्तर ...... ९
५.५. मर्मत र अनुगमन ...... ९
५.६. दिगोपनका उपायहरू ...... ९

**६. स्वच्छता र सरसफाइ** **९**
६.१. हात धुने स्थान ...... ९
६.२. साबुन र स्यानिटाइजरको व्यवस्था ...... १०
६.३. हात धुने उचित विधि ...... १०

**७. फोहोर विसर्जन** **१०**
७.१. फोहोर हाल्ने भाँडो ...... १०
७.२. स्यानीटरी फोहोरको व्यवस्थापन ...... १०
७.३. पुनर्प्रयोगसम्बन्धी पहलहरू ...... १०

**८. फोहोरपानी व्यवस्थापन** **१०**
८.१. सेप्टिक ट्याङ्कीको अवश्यकता ........ १०
८.२. सेप्टिक ट्याङ्की डिजाइन ........ १०
८.३. सेप्टिक ट्याङ्कीको निकास व्यवस्थापन ........ ११
८.४. दोहोरो निकास प्रणालीको व्यवस्था ........ ११

**९. सुरक्षा (Safety and Security)** **११**
९.१. उज्यालोको व्यवस्था (Lighting) ........ ११
९.२. सर्भेक्षण ........ ११
९.३. आपतकालीन कार्यविधि ........ ११

**१०. गोपनीयता र प्रतिष्ठा (Privacy and Dignity)** **१२**
१०.१. विभाजन र गोपनीयता स्क्रिनहरू (Partitioning and Privacy Screens) ........ १२
१०.२. प्रयोगकर्ताको सम्मान ........ १२

**११. वातावरणीय विषयवस्तु** **१२**
११.१. पानी संरक्षण ........ १२
११.२. ऊर्जा प्रभावकारीता ........ १२
११.३. दिगो निर्माण सामग्री ........ १२
११.४. आकाशेपानी सङ्कलन ........ १३

**१२. प्रयोगसम्बन्धी निर्देशिका (Usage Guidelines)** **१३**
१२.१. अधिकतम् प्रयोग सीमा (Occupancy Limit) ........ १३
१२.२. शिष्टाचार र आदर (Courtesy and Respect for Others) ........ १३

**१३. डिजाइन गर्दा ध्यान दिनुपर्ने विषय (Design Considerations)** **१४**
१३.१. पारिवारिक शौचालय ........ १४
१३.२. बच्चाको डाइपर फेर्ने स्थान (Baby Changing Stations) ........ १४
१३.३. सार्वजनिक कार्यक्रममा शौचालय ........ १४
१३.४. शौचालयको क्युबिकल, स्नानकक्ष, युरिनल र लुगा धुने स्थानको साइज
(Size of Toilet Cubicle, Bathroom, Urinal & Washing Area) ........ १४
१३.५. प्रयोगकर्ताको आधारमा शौचालयको सङ्ख्या (Norm for Toilet unit based on users.) ........ १५
१३.६. सार्वजनिक शौचालयको न्यूनतम् मापदण्ड (Minimum Standard for a public toilet) ........ १६
१३.७ पहुँचवाला शौचालय ........ १८
१३.८. सार्वजनिक सेवामा असर गर्ने तत्वहरू ........ १८
१३.९. सार्वजनिक शौचालयको मागको क्रममा ध्यान दिनुपर्ने तत्वहरु ........ १९
१३.१०. सार्वजनिक शौचालयको लागि स्थल छनोट गर्ने कारकहरू ........ १९
१३.११. सार्वजनिक शौचालयको लागि डिजाइन र वातावरणीय व्यवस्थापन प्रणाली ........ १९

**१४. सफाइ र मर्मतसंभार** **२०**
१४.१. सरसफाइ विधि ..... २०
१४.२. मर्मतसंभार तालिका ..... २०
१४.३. सूचनासम्बन्धी विषय ..... २०

**१५. जनस्वास्थ्य र रोगको रोकथाम** **२१**
१५.१. सङ्क्रामक रोगहरूको व्यवस्थापन ..... २१
१५.२. स्वास्थ्य र सुरक्षाको लागि फोहोर विसर्जन ..... २१

**१६. अनुगमन संयन्त्र** **२१**

**१७. नियमावलीहरूको पालना (Compliance with Regulations)** **२१**
१७.१. स्थानीय भवन संहिता ..... २१
१७.२. पहुँचसम्बन्धी मापदण्ड ..... २१
१७.३. स्वास्थ्य र सुरक्षा नियमावली ..... २२

**१८. व्यवसाय मोडेल (Business Model)** **२२**
१८.१. आर्थिक स्रोतहरू ..... २२
१८.२. राजश्वको स्रोतहरू ..... २२
१८.३. खर्चहरू ..... २२
१८.४. सञ्चालन मोडेल ..... २५

**१९. वित्तीय मोडेल** **२५**
१९.१. सार्वजनिक शौचालयमा लगानीको लागि सम्बन्धीत क्षेत्रहरूको चासो ..... २५
१९.२. राजश्वका स्रोतहरू ..... २६
१९.३. क्षेत्रगत संलग्नता ..... २६
१९.४. व्यवसाय मोडेल खाका ..... २९

**२०. पृष्ठपोषण र प्रतिवेदन (Feedback and Reporting)** **३२**
२०.१. सुझाव कसरी दिने ? ..... ३२
२०.२. प्रतिवेदनको विषय वा उल्लङ्घन (Reporting Issues or Violations) ..... ३२
२०.३. जिम्मेवारीपूर्ण उपयोगको लागि प्रोत्साहन (Encouragement for Responsible Use) ..... ३२

**२१. अनुसूची** **३३**
२१.१. भुईंको प्लान (Diagrams and Floor Plans)....................................................................३३
२१.२. सफाइ तालिकासम्बन्धी Template....................................................................३५
२१.३. नियमित मर्मत तालिकाको नमुना....................................................................४२

**२२. मुख्य कार्यसम्पादन सूचक (KPI)** **४८**

**२३. सम्झौतासम्बन्धी दस्तावेज (Contract document)** **४९**

# १.परिचय

## १.१. निर्देशिकाको उद्देश्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्ने र सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन गर्ने काम, कर्तव्य र अधिकार वडा समितिलाई तोकेको छ । सार्वजनिक शौचालयको विषयमा कर्तव्यवाहकहरु तथा सेवा प्रदायकहरु र अधिकार धारक तथा प्रयोगकर्ताहरुले सार्वजनिक शौचालयको निर्माणदेखि, व्यवस्थापन र प्रयोगमा अवलम्वन गर्नपर्ने प्राविधिक एवं व्यवस्थापकीय पक्षहरुलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका अनुभव तथा सिकाईहरुलाइ समेटी सबै सरोकारवालाहरुको सहजताका लागि सहायकस्वरुप यो सार्वजनिक शौचालय दिग्दर्शन – (निर्माण, सञ्चालन तथा व्यवस्थापन) तयार गरिएको हो ।

## १.२. क्षेत्र र उपयोगिता

सार्वजनिक शौचालय सबैखाले नागरिकले सार्वजनिकरुपमा प्रयोग गर्नका लागि बन्ने संस्थागत संरचनत्मक इकाइ भएका कारण यस दिग्दर्शनले स्वच्छता र सरसफाइ, पहुँच र सर्वव्यापी डिजाइन, सुरक्षित तथा सुरक्षा, समावेशीतालगायत पानी र उर्जा दक्षताको साथै दिगो सञ्चालन, मर्मतसम्भार, र व्यवस्थापनका पक्षहरुलाई समेट्न जरुरी भएकोले दिग्दर्शनका क्षेत्रहरु यिनै रहेका छन् । विस्तृत रुपमा दिग्दर्शनको उपयोगिता र दायरा निम्न वमोजिम हुनेछन् :-

- दिग्दर्शनले रोग फैलिनबाट रोक्न उचित सरसफाइका अभ्यासहरूलाई सुनिश्चित गर्दछ । नियमित सरसफाइ र फोहोर विसर्जनको साथै स्वच्छताको लागि मर्मतसम्भारसम्बन्धी विस्तृत विनिर्देशहरू (Specifications) प्रदान गर्दछ ।
- दिग्दर्शनले राष्ट्रिय मापदण्ड र नियमहरू पालना गर्दै, अपाङ्गतासहित सबै वर्गका मानिसहरूको लागि शौचालयको पहुँच सुनिश्चित गर्दछ ।
- दिग्दर्शनले पर्याप्त वायुसञ्चार, संकेतहरू र लैङ्गिक-तटस्थ क्युबिकलहरूको व्यवस्था मार्फत् आरामदायी र सुविधायुक्त सार्वजनिक शौचालयको मुद्दालाई सम्बोधन गर्दछ ।
- दिग्दर्शनले लैङ्गिक समानतालाई सम्बोधन गर्दछ र महिला एवम् अपाङ्गताहरू भएका व्यक्तिहरूको सुविधाको पक्ष पर्याप्त प्रावधानहरूको व्यवस्था गर्दछ ।
- दिग्दर्शनले प्रयोगकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न, गोपनीयता कायम राख्ने र प्रकाश, भुइँ, दृश्य, र निगरानी प्रणालीहरूको साथै सार्वजनिक शौचालय प्रयोग गर्ने सुरक्षित वातावरण प्रदान गर्नेछ ।
- दिग्दर्शनले पानी कम खपत गर्ने धारा एवम् पर्यावरण-मैत्री सामग्रीहरूको प्रयोग र दिगो निर्माणका अभ्यासहरू मार्फत् जलवायु-उत्थानशील र  वातावरणीय दिगोपनलाई प्रोत्साहन दिन्छ ।
- दिग्दर्शनले उचित भूमिका र जिम्मेवारीका साथ सरोकारवालाहरूका संलग्नतालाई सुनिश्चित गर्दछ ।
- दिग्दर्शनले सबै प्रकारका शर्तहरूको पालना सुनिश्चित गर्न नियमित निरीक्षण र प्रमाणीकरण प्रक्रियाहरू लागु गर्दछ ।
- दिग्दर्शनले सार्वजनिक स्थानको उपलव्धताको आधारमा विभिन्न स्थानहरूमा सार्वजनिक शौचालयको उपयुक्ततासम्बन्धी प्रामाणिक र पर्याप्त जानकारी प्रदान गर्दछ ।
- दिग्दर्शनले व्यावसायिक प्रतिष्ठानहरू, सरकारी र संस्थागत भवनहरू, पेट्रोल पम्पहरू, सार्वजनिक ठाउँहरू, यातायात केन्द्रहरू, इत्यादिका लागि उपयुक्तता सुनिश्चित गर्ने र स्थानीय एवम् राष्ट्रिय भवन संहिता र स्वास्थ्य नियमावलीहरूको पालना गर्न प्रोत्साहन गर्दछ ।
- दिग्दर्शनले उपयुक्तता र दिगोपनालाई केन्द्रमा राखी विभिन्न क्षेत्रहरूको संलग्नतामा सार्वजनिक शौचालयहरूको दिगो सञ्चालनको लागि सबैभन्दा उपयुक्त व्यावसायिक मोडेलको चयनमा जोड दिन्छ ।
- सार्वजनिक शौचालय दिग्दर्शन प्राकृतिक प्रकोप र विपत्तिका कारण हुने आपतकालीन परिवेशको लागि भने तयार पारिएको होइन ।

- विधालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि यस दिग्दर्शन बाहेकको निर्देशिकाको रुपमा प्रयोग गर्न सकिन्छ ।
  https://www.doe.gov.np/assets/uploads/files/06c289b42ca2eb8d83e994bb73ecd4bd.pdf
- स्वास्थ्य केन्द्रहरुमा खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी राष्ट्रिय दिग्दर्शन यस निर्देशिका बाहेकको निर्देशिकाको रुपमा प्रयोग गर्न सकिन्छ ।
  https://www.washinhcf.org/wp-content/uploads/2021/07/Nepal-National-Standards-2018.pdf

## १.३. शौचालयको उचित प्रयोगको महत्व

पूर्वाधार, सामाजिक शिष्टाचार, वातावरणीय दिगोपना, र जनस्वास्थ्य कायम राख्नको लागि सार्वजनिक शौचालयको उचित प्रयोग महत्त्वपूर्ण हुन्छ। सार्वजनिक शिक्षा र सचेतना अभियानहरू, नियामक अनुपालन र मर्मतसंभारहरूको कार्यान्वयन मार्फत उपयुक्त व्यवहारहरूलाई प्रोत्साहन र पालना गेरेर सबैजना सफा, सुरक्षित र स्वच्छ वातावरणमा बाँच्ने सुनिश्चितता स्थानीय तहको जिम्मेवारी अन्तर्गत पर्दछ।

- सार्वजनिक शौचालयको उचित प्रयोगले सरूवा रोग फैलिनबाट रोक्न सकिन्छ। व्यक्तिगत स्वच्छताको अभावमा वरपरको वातावरण प्रदूषित हुनसक्छ, जसले व्याक्टेरिया, भाइरस र परजीवी जस्ता हानिकारक सुक्ष्मजीवहरू फैलिन मद्दत गर्दछ।
- मानव मलमूत्रको उचित व्यवस्थापनले खानेपानीबाट फैलिन सक्ने पखाला र हैजा जस्ता रोगहरूबाट जनस्वास्थ्यलाई सुरक्षित गर्नुका साथै माटो र पानी दूषित हुने सम्भावनालाई कम गर्दछ।
- शौचालय प्रयोग गरेपछि हात धुने बानीको प्रवर्द्धनले खाना, सतह र मानिसहरूमा कीटाणु फैलिने सम्भावनालाई न्यूनीकरण गेरेर सङ्क्रमण दरलाई धेरै हदसम्म कम गर्दछ।
- शौचालयको सही प्रयोगले पानीका स्रोतहरू सुरक्षित हुन्छन्। पानीको खपत कम हुने सुविधाहरूको प्रयोग र अनावश्यक फ्लसिङ (Flushing) लाई कम गर्ने लगायतका प्रविधि र सुविधाहरू शौचालयको सही प्रयोग अन्तर्गत पर्दछ। दोहोरो-फ्लश प्रणाली प्रभावकारी रूपमा प्रयोग गर्नाले पर्याप्त मात्रामा पानीको बचत गर्न सकिन्छ।
- सफा वातावरण कायम राख्नु र अन्य प्रयोगकर्ताहरूको बारेमा सोच्नु सार्वजनिक शौचालय प्रोटोकल पालना गर्नुका दुई फाइदाहरू हुन्, जसअन्तर्गत प्रयोगपछि आफैंले सफा गर्ने र सुविधाहरूको उचित प्रयोग पर्दछ।
- सार्वजनिक शौचालयको अपर्याप्त मर्मतसंभारको कारण हुने दुर्गन्ध, थुनिने र फोहोर वातावरण जस्ता समस्याले अरूलाई अप्ठ्यारो हुनसक्छ।
- सार्वजनिक शौचालयको उचित प्रयोगले प्लम्बिङ (Plumbing) र जडित सुविधाहरूलाई जोगाउँछ। नकुहिने वस्तु जस्तै Wipes, स्यानीटरी सामग्री तथा अन्य फोहोरलाई जथाभावी फाल्नाले थुनिने वा बिग्रिने समस्या हुनसक्छ।
- सार्वजनिक शौचालयको सही प्रयोग गर्दा कम मात्र मर्मतसंभारको आवश्यक पर्दछ र शौचालय व्यवस्थापन लागतलाई न्यूनीकरण गर्दछ।
- सार्वजनिक शौचालयको उचित प्रयोगले स्वच्छता र स्वास्थ्यसम्बन्धी मापदण्डहरूको पालनाको ग्यारेन्टी गर्दछ भने कानुनी झमेला र सम्भावित जरिवानाहरूबाट समेत जोगाउँदछ।
- सार्वजनिक शौचालयको उपयुक्त प्रयोगले समावेशीतालाई बढावा दिन्छ, अपाङ्गतासम्बन्धी ऐनजस्ता कानुनहरूको पालनाको ग्यारेन्टी, र अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच सुचिश्चित गर्दछ।
- सार्वजनिक शौचालयको सही प्रयोगसम्बन्धी शिक्षाले सामाजिक उत्तरदायित्व, स्वच्छता र वातावरण संरक्षणको बारेमा जनचेतना अभिवृध्दि गर्नुका साथै स्वच्छ र सम्मानजनक अभ्यास प्रवर्द्धन गर्दछ।
- सानैदेखि राम्रो व्यवहार सिकाएर सार्वजनिक शौचालयको उचित प्रयोग हासिल गर्न सकिन्छ, यसमा विद्यालय र सामुदायिक संस्थाहरूले महत्त्वपूर्ण भुमिका खेल्न सक्छन्।
- सार्वजनिक शौचालयमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नाले धेरैभन्दा धेरै सरोकारवालाहरूको ध्यान आकर्षण गर्न सक्छ र यसले स्थानीय स्तरमा उल्लेखनीय रोजगारी सिर्जना गर्नेछ।

# २. स्थान र पहुँच

## २.१. उपयुक्त स्थानको छनोट

पार्क, सपिङ्ग सेन्टर, यातायात केन्द्र (बस स्टेशन, बस स्टप), पर्यटकीय स्थल, बजारक्षेत्र र मनोरञ्जन स्थल जस्ता पैदलयात्रीहरूको घुईंचो लाग्ने स्थानहरू सार्वजनिक शौचालयको लागि उपयुक्त हुन्छ ।

२.१.१. सार्वजनिक शौचालय अपाङ्गता भएका व्यक्तिलगायत सबैको लागि सहज पहुँच हुने हुनुपर्दछ ।

२.१.२. सार्वजनिक शौचालय उचित पैदल दूरी (२००-३०० मिटर) मा हुनुपर्दछ ।

२.१.३. सर्वेक्षण र छलफल गरी स्थानीय समुदायको सुझावलाई समेटेर सबैभन्दा सुविधाजन्य स्थानमा सार्वजनिक शौचालय हुनुपर्दछ ।

२.१.४. सार्वजनिक स्थान उपलब्ध नभएमा सरकारी जग्गा उपयुक्त हुन सक्छ अथवा निजी जग्गा भाडामा लिएर प्रयोग गर्न सकिन्छ ।

## २.२. पहुँचसम्बन्धी डिजाइनको लागि ध्यान दिनुपर्ने कुराहरू :

सार्वजनिक शौचालय अपाङ्गता भएका व्यक्तिलगायत सबैको लागि सहज पहुँच हुने स्थानमा हुनुपर्दछ ।

२.२.१. सार्वजनिक शौचालयले पहुँचसम्बन्धी मापदण्ड अवलम्बन गरेको हुनुपर्दछ जस्तै Ramp, चौडा ढोका, समाउने स्थान, र फरक आवश्यकताका अन्य सुविधाहरू ।

२.२.२. सुरक्षित वातावरणको लागि सार्वजनिक शौचालयमा उचित बत्ती र पर्याप्त उज्यालो हुनुपर्दछ ।

२.२.३. भिन्न आवश्यकतालाई सम्बोधन गर्न र समावेशिताको लागि सार्वजनिक शौचालय लैङ्गिक-तटस्थ सुविधायुक्त हुनुपर्दछ ।

## २.३. चिन्ह र दिशानिर्देश (Signage and Wayfinding)

२.३.१. सार्वजनिक शौचालयको स्थानसम्बन्धी प्रष्ट चिन्ह हुनुपर्दछ ।

२.३.२. सार्वजनिक शौचालयको पहुँच र यसलाई प्रभावकारी र कुशलतापूर्वक प्रयोग गर्ने विधिसहितको जानकारी दिइएको हुनुपर्दछ ।

२.३.३. सार्वजनिक शौचालयको स्थानसम्बन्धी चिन्ह र जानकारी अरु कुनै विज्ञापन र जानकारीले अवरोध गर्न पाउँदैन ।




चित्र १ सार्वजनिक शौचालयमा राखिने संकेतपाटीको नमुना

## ३. सार्वजनिक शौचालयका प्रकारहरू

### ३.१ आकारको आधारमा

| सार्वजनिक शौचालयका प्रकार | विवरण |
|---|---|
| प्रकार १: दुई कोठे शौचालय | जग्गाको उपलव्धता अत्यन्त कम भएको अवस्थामा यस प्रकारको शौचालय उपयोगी हुन्छ। यस प्रकारको शौचालय दुई कोठे हुन्छ जसमा सबैको पहुँच हुनेछ। |
| प्रकार २: सानो सार्वजनिक शौचालय | महिला र पुरूषको लागि अलगअलग सुविधाको संभावना नभएमा यस प्रकारको शौचालय प्रयोग गरिन्छ। तर लैङ्गिकमैत्री, अपाङ्गमैत्री, बालमैत्री शौचालयको रूपमा एउटा छुट्टै कोठाको व्यवस्था गर्न सकिन्छ। |
| प्रकार ३: सार्वजनिक शौचालय सुविधा | यस प्रकारको सुविधामा महिला र पुरूषको साथै लैङ्गिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री सुविधासहितको छुट्टै कोठाको व्यवस्था हुनेछ। |
| प्रकार ४: उच्च क्षमताको सार्वजनिक शौचालय | प्रयोगकर्ताहरूको सङ्ख्या बढी भएका स्थानहरू जस्तै बजारक्षेत्र, किनमेल केन्द्र, खेल परिसरमा यस प्रकारको शौचालय प्रयोग हुनेछ। |

### ३.२. सङ्ख्याको आधारमा

| सार्वजनिक शौचालयका प्रकार | विवरण |
|---|---|
| प्रकार १: आधारभूत सार्वजनिक शौचालय | यस प्रकारको शौचालयमा महिला, पुरूष, लैङ्गिक तटस्थ, अपाङ्गता भएका व्यक्ति र पारिवारिक शौचालयको लागि अलग अलग कोठा हुनेछ। |
| प्रकार २: उन्नत सार्वजनिक शौचालय | यस प्रकारको शौचालयमा धेरै सङ्ख्यामा छुट्टाछुट्टै शौचालय क्युबिकलहरू, ठूला सुविधाहरू, र परिष्कृत पहुँच सुविधाहरू हुनेछ। |
| प्रकार ३: अलग सार्वजनिक शौचालय | यस प्रकारको शौचालय स्थानको उपलव्धता सीमित भएको अवस्थामा कम्तिमा दुईवटा ट्वाइलेट क्युबिकल बनाउन सकिन्छ। |
| प्रकार ४: अस्थायी शार्वजनिक शौचालय | यस प्रकारको शौचालय विभिन्न प्रदर्शनी, मेला, कार्यक्रम, निर्माण स्थल आदिमा बनाइन्छ। यी शौचालय सजिलै निर्माण गर्न र हटाउन सकिन्छ। साधारणतयाः कुनै गाडी जोडेर यसको निर्माण गरिन्छ। |

### ३.३. स्थानको आधारमा

| सार्वजनिक शौचालयका प्रकार | स्थान | प्रयोगकर्ता |
|---|---|---|
| प्रकार १: ट्रान्जिट हबको शौचालय | बस बिसौनी, बस पार्क, पेट्रोल पम्प आदि | यात्रु, स्थानीय, पर्यटक, चालक |
| प्रकार २: व्यस्त व्यापारिक तथा संस्थागत क्षेत्र | व्यापारिक क्षेत्र, बजार क्षेत्र, अस्पताल, शैक्षिक संस्था आदि | यात्रु, स्थानीय, पर्यटक, चालक, व्यापारी, कर्मचारी, सेवाग्राही |
| प्रकार ३: सार्वजनिक स्थानमा शौचालय | मनोरञ्जन पार्क, खेलमैदान, धार्मिक वा ऐतिहासिक क्षेत्र, पार्किङ क्षेत्र | बयस्क, बालबालिका, स्थानीय, पर्यटक, भक्तजन, चालक, खेलाडी |
| प्रकार ४: समुदायको लागि शौचालय | अनौचारिक बस्ती (सुकुम्बासी) क्षेत्र, न्यून आय क्षेत्र | परिवार सदस्यहरू |
| प्रकार ५: मेला/कार्यक्रम स्थलमा शौचालय | मेला, प्रदर्शनी, महोत्सव, कार्यक्रम | आगन्तुक, आयोजक, ग्राहक |

# ४. शौचालयको सुविधाहरू

## ४.१. शौचालयको Fixtures का प्रकारहरू

## ४.२. शौचालय प्यान र कमोड

४.२.१. शौचालय प्यान र कमोड प्रायः प्रयोग गरिने fixture हरू हुन् ।

४.२.२. यिनीहरू जमीन वा भित्तामा जडान गरिने हुन्छन् ।


४.२.३. बढीमा एउटा वा दुईवटा मात्र शौचालय क्यूबिकल भएको अवस्थामा शौचालय प्यान नै हुनु पर्दछ ।

४.२.४. धेरै वटा क्युबिकल भएको शौचालयमा सबैको पहुँच गराउन शौचालय प्यान र कमोड बराबर सङ्ख्यामा हुनुपर्दछ ।

४.२.५. युरिनल

४.२.५.१. साधारणतया सार्वजनिक शौचालयको पुरूष खण्डमा युरिलन राखिन्छ ।

४.२.५.२. युरिनल विभिन्न डिजाइनका हुन्छन् । यदि Trough युरिनल राख्ने हो भने साना ठूला वा अग्लो होचो सबै प्रकारका प्रयोगकर्ताहरूलाई सहज हुने गरी विभिन्न उचाइमा जडान गर्नु पर्दछ ।





चित्र २: विभिन्न उचाइमा भित्तामा जडाना गरिएका पुरूष युरिनलहरू

४.२.६. हात धुने स्थान

४.२.६.१. हात धुने स्थानमा sinks वा लहरै धारा जडान गरिएको हुनुपर्दछ ।

४.२.६.२. हात धुने स्थानमा साबुनदानी, हात सुकाउने मेशिन वा हात पुछने कागजको रूमालको व्यवस्था हुनुपर्दछ ।

४.२.६.३. हात धुने स्थान सानाठुला वा अग्लोहोचो सबै प्रकारका प्रयोगकर्ताहरूलाई सहज हुने गरी फरक फरक उचाइमा जडान गर्नु पर्दछ ।




चित्र ३: विभिन्न उचाइमा भित्तामा जडान गरिएका हात धुने स्थान

४.२.७. स्थानीटरी प्याड उपलव्ध गराउने मेशिन (Sanitary product vending machine)

४.२.७.१. सार्वजनिक शौचालयमा स्यानीटरी प्याड बिक्रीवितरण यन्त्र (Vending machine) को व्यवस्था हुनुपर्दछ।


४.२.८. स्यानीटरी प्याड मिल्काउने स्थान (Sanitary product disposal units)

४.२.८.१. महिला सार्वजनिक शौचालयमा कम्तिमा एउटा क्युबिकलमा स्यानिटरी प्याड मिल्काउने व्यवस्था हुनुपर्दछ।

## ४.३. लैङ्गिक-तटस्थ शौचालय (Gender-Neutral Toilets)

४.३.१. सबै प्रकारका लैङ्गिक पहिचान भएका प्रयोगकर्ताहरूलाइ समेत सहज हुने गरी प्रायः अहिलेका सार्वजनिक शौचालयहरू लैङ्गिक-तटस्थ हुन थालेका छन्

४.३.२. यस्ता शौचालयले हरेक प्रकारका लैङ्गिक पहिचान बोकेका प्रयोगकर्ताहरूको गोपनीयता र समावेशीता सम्बोधन गरेको हुन्छ।





चित्र ४: लैङ्गिक तटस्थ शौचालयको डिजाइन

## ४.४. बालमैत्री सुविधाहरू

४.४.१. पर्याप्त ठाउँ भएमा सार्वजनिक शौचालयमा शिशु हेरचाह सुविधा हुनुपर्दछ।


४.४.२. सार्वजनिक शौचालयको युरिनल र हात धुने स्थान बालमैत्री हुनुपर्दछ।




चित्र ५: बालमैत्री शौचालयको डिजाइन

## ४.५. अपाङ्गमैत्री सुविधाहरू

४.५.१. सार्वजनिक शौचालयमा अपाङ्गता भएका प्रयोगकर्ताहरूको लागि ह्वीलचेयर प्रयोग गर्न मिल्ने गरी पर्याप्त क्षेत्रफल भएको अलग्ग क्युबिकलको व्यवस्था हुनुपर्दछ।





चित्र ६: अपाङ्गता भएका व्यक्तीहरूका लागि शौचालयको डिजाइन

४.५.२. सार्वजनिक शौचालय हरेक प्रकारका अपाङ्गता भएका प्रयोगकर्ताहरूले सहज पहुँच र प्रयोग गर्न मिल्ने हुनुपर्दछ।

४.५.३. सहज पहुँचको लागि पर्याप्त चौडा र न्यूनतम् ढलान सहितको Rampको व्यवस्था हुनुपर्छ। र्‍याम्पमा अपाङ्गता भएको व्यक्ति (PWD) र स्ट्रोलरलाई राम्ररी लान सकिने हुनुपर्दछ।

४.५.४. सार्वजनिक शौचालयको प्लिन्थ र पहुँच मार्ग वा अन्य प्रवेश बिन्दुहरूको सतह बराबर हुने गरी डिजाइन गरेर Ramp को आवश्यकतालाई कम गर्न वा हटाउन सकिन्छ।


४.५.५. Ramp को छेउमा उचित उचाइमा समाउने हेण्डल हुनुपर्दछ।




चित्र ७ : Ramp र Grab-Bar को डिजाइन

४.५.६. कमजोर दृष्टि वा दृष्टिसम्बन्धी अन्य अपाङ्गता भएका प्रयोगकर्ताको सहज पहुँचको लागि बाटोमा Tactile छपाइ हुनुपर्दछ।

- ४.५.६.१. Tactile Paving मुख्य स्थानहरूमा राख्न सकिन्छ जस्तै पदयात्रीले बाटो काट्ने स्थान (pedestrian crossings), प्रवेश मार्ग।
- ४.५.६.२. सार्वजनिक शौचालयमा ब्रेल (Braille) लिपि र Tactile संकेतको व्यवस्था हुनुपर्दछ।
- ४.५.६.३. संभावित खतराबाट जोगाउन बाटो र भर्‍याङ Tactile Mats र Strips को व्यवस्था हुनुपर्दछ।




# ५. पानी भण्डारण

सार्वजनिक शौचालयको सञ्चालन र स्वच्छताको लागि प्रभावकारी पानी भण्डारण महत्वपूर्ण हुन्छ। पर्याप्त पानी उपलब्धताले सुविधाहरू प्रभावकारी रूपले सफा, सञ्चालन र प्रयोगकर्ताहरूलाई सेवा प्रदान गर्न सक्षम हुने अवस्था सुनिश्चित गर्दछ।

### ५.१. पानी भण्डारणको उद्देश्य

५.१.१. फ्लस प्रणाली: शौचालय र युरिनल फ्लश गर्न पर्याप्त पानी आवश्यक हुन्छ ।

५.१.२. हात धुने: सिङ्क र ट्यापहरूको लागि पानीको उपलब्धता सुनिश्चित गर्दछ ।

५.१.३. सफाइ र मर्मत: नियमित सफाइ र निशंङ्क्रमण कार्यलाई प्रभावकारी बनाउँछ ।

५.१.४. आपतकालीन प्रयोग: पानी आपूर्ति रोकिएको समयमा पनि शौचालयको निर्बाध सञ्चालन सुनिश्चित गर्दछ ।

### ५.२. पानी भण्डारण प्रणालीको प्रकार

५.२.१. ओभरहेड पानी ट्याङ्कीहरू पानी तान्ने पम्पको प्रयोगबिना पनि शौचालयमा पानी प्रवाह सूचारू राख्न उचाइमा राखिएको पानी ट्याङ्की । सामान्यतया पानी आपूर्ति अनिश्चचित वा अनियमित हुने स्थानमा यस्तो ट्याङ्की अनिवार्य हुन्छ ।

५.२.२. भूमिगत भण्डारण ट्याङ्कहरू: ओभरहेड ट्याङ्कीहरूको लागि सीमित ठाउँ भएका क्षेत्रमा उपयोगी र ठुलो मात्रामा पानी भण्डारण गर्न सकिन्छ ।

### ५.३. पानी भण्डारण ट्याङ्कीको क्षमता योजना

५.३.१. पानी भण्डारण ट्याङ्कीको आकार निम्नानुसार निर्धारण गरिनु पर्दछ ।

- ५.३.१.१. अपेक्षित उपयोग: प्रयोगकर्ताहरूको सङ्ख्या र प्रयोगको आवृत्ति अनुसार हुनेछ ।
- ५.३.१.२. अधिकतम् समय: उच्चतम मागको समयका आधारमा हुनेछ ।
- ५.३.१.३. ब्याकअप आवश्यकताहरू: पानी आपूर्तिको अवस्था र आपतकालीन् भण्डारणको आवश्यकताका आधारमा हुनेछ ।

५.३.२. सामान्यत: सार्वजनिक शौचालयमा प्रतिदिन प्रति प्रयोगकर्ता १० लिटर पानी आवश्यक हुन्छ ।

५.३.३. प्रत्येक पल्ट सफाइ गर्दा २० लिटर पानी आवश्यक हुन्छ ।

५.३.४. सार्वजनिक शौचालयमा निर्वाध सेवा सुनिश्चित गर्न पानी भण्डारण क्षमता दैनिक आवश्यकताको १.५ देखि २ गुणा बढी हुनुपर्छ ।

५.३.५. यसको अतिरिक्त पानी भण्डारण क्षमता कम्तिमा दुई दिनको पानीको मागलाई धान्न सक्ने हुनुपर्दछ ।

### ५.४. पानीको गुणस्तर

५.४.१. भण्डारण गरिएको पानी सफा र प्रयोगको लागि सुरक्षित हुनुपर्छ ।

५.४.२. प्रदूषण रोक्न ट्याङ्कीको नियमित सफाइ गर्नुपर्दछ ।

५.४.३. पिउन र सरसफाइ गर्नको लागि छुट्टाछुट्टै पानी र भण्डारण प्रणालीको व्यवस्था हुनुपर्दछ ।

### ५.५. मर्मत र अनुगमन

५.५.१. नियमित रूपमा प्रदूषण, पानी प्रवाह प्रणालीमा चुहावट, चिरा अदिको निरीक्षण गर्नुपर्दछ ।

५.५.२. ट्याङ्कीमा पानी भरिएर नपोखियोस् भनेर फ्लोट भल्भ र/वा ओभरफ्लो प्रणालीहरू राख्नुपर्दछ ।

५.५.३. पर्याप्त प्रवाह सुनिश्चित गर्न र चुहावट पहिचान गर्न पानीको उपयोगको निगरानी गर्नुपर्दछ ।

### ५.६. दिगोपनका उपायहरू

५.६.१. पानी फारो गर्ने उपकरण वा जडान सामग्रीहरू प्रयोग गर्नुपर्दछ जस्तै Dual Flush, Low Flow प्रणालीहरू र स्वचालित उपकरणहरू ।

५.६.२. प्रशोधित फोहोरपानी वा वर्षाको खेरपानीलाई हातले नछोइकन चर्पी फ्लस गर्ने प्रयोगमा मात्रै प्रयोग गर्न सकिनेछ ।

५.६.३. प्रशोधन सहितको व्यवस्थित प्रणालीमार्फत् सङ्कलित आकाशेपानीलाई पिउने बाहेकको कार्यमा मात्रै प्रयोग गर्न सकिन्छ ।

## ६. स्वच्छता र सरसफाइ

### ६.१. हात धुने स्थान

६.१.१. सार्वजनिक शौचालयमा हात धुने स्थान सजिलै पहुँचको स्थानमा हुनुपर्दछ ।

६.१.२. हात धुने स्थान अपाङ्गता भएका, बालबालिका, ज्येष्ठ नागरिक लगायत सबैको लागि सहज पहुँच हुने गरी स्थापना गर्नु पर्दछ ।

६.१.३. घुइँचो हुने समयमा समेत पुग्ने गरी हात धुने स्थानको पर्याप्त व्यवस्था हुनुपर्दछ ।

### ६.२. साबुन वा स्यानिटाइजरको व्यवस्था

६.२.१. झोल साबुन वा स्यानिटाइजरको उपलव्धता हुनुपर्दछ।

६.२.२. साबुन र स्यानिटाइजरको नियमित आपूर्ति सुनिश्चित गर्नुपर्दछ।

### ६.३. हात धुने उचित विधि

६.३.१. हात धुने उचित विधि सुझाउने सङ्केत राम्ररी देखिने गरी राख्नु पर्दछ।

६.३.२. सुझाउने सङ्केत स्थानीय भाषामा समेत राख्नु पर्दछ।

६.३.३. प्रयोगकर्तालाई ध्यानमा राखेर हात धुने कार्यको महत्वसम्बन्धी नियमित अभियान चलाउनु पर्दछ।

## ७. फोहोर विसर्जन

### ७.१. फोहोर हाल्ने भाँडो

७.१.१. सार्वजनिक शौचालय परिसरभित्र पर्याप्त सङ्ख्यामा फोहोर हाल्ने भाँडोको व्यवस्था हुनुपर्दछ।

७.१.२. फोहोर हाल्ने भाँडो सजिलै देखिने र पुग्न सक्ने हुनुपर्दछ।

७.१.३. फोहोर अलग्याउने कार्यलाई प्राथमिकतामा राख्नु पर्दछ र त्यसको लागि अलग अलग फोहोर हाल्ने भाँडोको व्यवस्था हुनुपर्दछ।

७.१.४. फोहोर हाल्ने भाँडो नियमित रूपमा खाली गर्ने व्यवस्था हुनुपर्दछ।

### ७.२. स्यानीटरी फोहोरको व्यवस्थापन

७.२.१. महिला शौचालयमा स्यानीटरी फोहोर सङ्कलनको अलग्गै व्यवस्था हुनुपर्दछ।

७.२.२. प्रयोगकर्ताको गोपनीयता सुनिश्चित हुनुपर्दछ।

७.२.३. स्यानीटरी फोहोर हाल्ने भाँडो नियमित रूपमा रित्याउने व्यवस्था हुनुपर्दछ।

७.२.४. स्यानीटरी फोहोर सङ्कलन तथा विसर्जनसम्बन्धी उचित तालिका हुनुपर्दछ।

### ७.३. पुनर्प्रयोगसम्बन्धी पहलहरू

७.३.१. हात धुने स्थानबाट निस्केको खैरोपानी (Grey water) अलग्गै सङ्कलन गरेर सिँचाइको लागि उपयोग गर्न सकिन्छ।

७.३.२. यदि फोहोरपानी प्रशोधनको लागि बायोग्यास प्लान्टको प्रयोग गरिएको छ भने नजिकको बजारबाट सङ्कलन हुने जैविक फोहोर पनि उपयोग गर्न सकिन्छ यसले बायोग्यास उत्पादन बढाउन मद्दत गर्दछ। प्लान्टबाट निस्केको लेदोलाई कम्पोष्टको रूपमा प्रयोग गर्न सकिन्छ।

७.३.३. यदि युरिनलबाट निस्कने फोहोरलाई अलग्गै सङ्कलन गर्न सकिएमा यसलाई मलको रूपमा उपयोग गर्न सकिन्छ।

## ८. फोहोरपानी व्यवस्थापन

### ८.१. सेप्टिक ट्याङ्कीको अवश्यकताः

फोहोरपानीको स्थलगत व्यवस्थापनको लागि स्तरीय सेप्टिक ट्याङ्कीको निर्माण गर्नुपर्दछ।

### ८.२. सेप्टिक ट्याङ्की डिजाइन

सेप्टिक ट्याङ्की निम्नानुसारको न्यूनतमडिजाइन मापदण्ड हुनुपर्दछ।

८.२.१. सेप्टिक ट्याङ्की water seal हुनपर्दछ।

८.२.२. सेप्टिक ट्याङ्की दुई खण्डको हुनुपर्दछ र यसको पहिलो र दोस्रो खण्डको लम्बाइ कूल लम्बाइको क्रमशः दुई र तीन तिहाइ हुनुपर्दछ।

८.२.३. सेप्टिक ट्याङ्कीको लम्बाइ चौडाइभन्दा २ देखि ४ गुणा हुनुपर्दछ ।

८.२.४. सेप्टिक ट्याङ्कीको inlet भन्दा निकास तल हुनुपर्दछ ।

८.२.५. निकास र inlet मा टि राखेर down-pipes राखिएको हुनुपर्दछ ।

८.२.६. निरीक्षण र खाली गर्नको लागि प्रत्येक खण्डमा मङ्गलको व्यवस्था हुनुपर्दछ ।


८.२.७. सेप्टिक ट्याङ्की कम्तिमा वर्षको एकपल्ट खाली गर्नु पर्दछ ।

### ८.३. सेप्टिक ट्याङ्कीको निकास व्यवस्थापनः

सेप्टिक ट्याङ्कीबाट निस्किने प्रशोधित फोहोरपानी सोकपिट वा ढलनिकासमा पठाउनु पर्दछ ।

### ८.४. दोहोरो निकास प्रणालीको व्यवस्था

संभव भएसम्म कालोपानी र खैरो पानीको सङ्कलन र ढुवानीको लागि अलगअलग पाइप जडान गरिएको हुनुपर्दछ ।




चित्र ८: सोकपिट सहितको सेप्टिक ट्याङ्कीको डिजाइन

## ९. सुरक्षा (Safety and Security)

### ९.१. उज्यालोको व्यवस्था (Lighting)

९.१.१. सार्वजनिक शौचालयमा संभव भएसम्म प्राकृतिक प्रकाशको अधिकतम् उपयोग गर्नुपर्दछ ।

९.१.२. सार्वजनिक शौचालयमा उर्जा किफायती बत्तीको व्यवस्था गर्नुपर्दछ ।

९.१.३. न्यूनतम् २०० lux क्षमताको बत्ती बाथरूम, लब्बि र कोठामा हुनुपर्दछ ।

९.१.४. सार्वजनिक शौचालयमा वैकल्पिक बत्ती वा उज्यालोको व्यवस्था हुनुपर्दछ ।

### ९.२. सर्भेक्षण

९.२.१. सार्वजनिक शौचालयको सुरक्षा र निरीक्षणको लागि रणनीतिक स्थानहरूमा सिसिटिभी क्यामेराहरू जडान गर्नुपर्दछ ।

९.२.२. मानिसहरूको गोपनीयतासँगको सम्बन्धले सिसिटिभी क्यामेरा संवेदनशील हुने हुँदा स्थानीय निकायसँगको छलफलमा मात्रै यसको जडान गर्नुपर्दछ ।

### ९.३. आपत्कालीन कार्यविधि

९.३.१. आपत्कालीन अवस्थाको लागि सार्वजनिक शौचालयमा हेल्पलाइन फोनको व्यवस्था हुनुपर्दछ ।

९.३.२. सार्वजनिक शौचालयमा स्पष्ट देखिने गरी आपतकालीन द्वारसम्बन्धी व्यवस्थित सङ्केत राखिएको हुनुपर्दछ ।

# १०. निजत्व र प्रतिष्ठा (Privacy and Dignity)

### १०.१. Partitioning र Privacy Screens

१०.१.१. हरेक क्युबिकल बलियो हुने गरी पर्याप्त गोपनीयता रहनेगरी भुइँदेखि छानासम्म छुने गरी बारिएको हुनुपर्दछ ।

१०.१.२. प्रयोगकर्ताको गोपनीयता र सुरक्षालाई दृष्टिगत गरी हरेक क्युबिकलमा राम्ररी लाग्ने बलियो चुकुलको व्यवस्था गर्नुपर्दछ ।

१०.१.३. हरेक क्युबिकलमा राम्ररी लाग्ने चुकुल हुनुपर्दछ ।

१०.१.४. हरेक क्युबिकल PWD र Care giver हरू समेतलाई ध्यानमा राखेर पर्याप्त ठाउँ भएको हुनुपर्दछ ।

१०.१.५. Partitions सही अवस्थामा भएनभएको नियमित रूपमा निरीक्षण गर्नुपर्दछ ।

### १०.२ प्रयोगकर्ताको सम्मान

१०.२.१. सबै प्रकारका प्रयोगकर्ताहरू (अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका, महिला, भिन्न लैङ्गिकता भएका)को आवश्यकता पूर्ति हुने समावेशी वातावरण हुनुपर्दछ ।

१०.२.२. सबैको सम्मान र समावेश हुने गरी उचित सङ्केतको व्यवस्था हुनुपर्दछ ।

१०.२.३. सार्वजनिक शौचालय कर्मचारीलाई सम्मानपूर्वक र संवेदनशीलताका साथ गरिने व्यवहारसम्बन्धी तालिम दिनुपर्दछ ।

१०.२.४. सार्वजनिक शौचालयको परिसरभित्र सम्मान, संयम र समावेशितासम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

१०.२.५. प्रयोगकर्ताहरूबाट सार्वजनिक शौचालयभित्र गोपनीयता, सुरक्षा वा अन्य अरू कुनै विषयसम्बन्धी सुझाव वा गुनासो सङ्कलन गर्न राम्रो व्यवस्था गरिएको हुनुपर्दछ ।

# ११. वातावरणीय विषयवस्तु

### ११.१. पानी संरक्षण

११.१.१. कार्य सञ्चालनमा वाधा नपुग्ने गरी पानीको खपत कम हुने धाराहरू जडान गर्ने ।

११.१.२. आवश्यक परेको बेला मात्रै पानी बग्ने गर्नको लागि सेन्सर जडित धाराहरूको प्रयोग गर्ने ।

११.१.३. शौचालयमा दिसापिसाब बगाउनको लागि दोहोरो फ्लस (Dual flush) सहितको प्रविधि जडान गर्ने ।

११.१.४. पूर्ण व्यवस्थित सचालनको लागि नियमित निरिक्षण र मर्मतसंभार कार्य प्रभावकारी बनाउने ।

### ११.२. ऊर्जा प्रभावकारिता

११.२.१. ऊर्जा खपतलाई कम गर्न उर्जा प्रभावकारि र सेन्सरसहितको बत्ति प्रणाली जडान गर्ने ।

११.२.२. प्राकृतिक उज्यालोलाई प्राथमिकताका साथ अधिकतम् उपयोग गर्ने ।

११.२.३. प्राकृतिक वायुसंचारलाई प्राथमिकताका साथ अधिकतम उपयोग गर्ने ।

११.२.४. ऊर्जा प्रभावकारी HVAC प्रणाली जडान गर्ने ।

### ११.३. दिगो निर्माण सामग्री

११.३.१. संभव भएसम्म पुनःप्रयोगीय निर्माण सामग्रीको प्रयोग गर्ने ।

११.३.२. सार्वजनिक शौचालय काठको बनाउने हो भने उक्त काठ दिगो व्यवस्थापनका उपाय मार्फत अएको कर सुनिश्चित गर्ने ।

११.३.३. सार्वजनिक शौचालयको भुइँ स्थानीय हावापानी सुहाउँदो र वातावरणमैत्री बनाउने ।

११.३.४. भुँइ भित्तामा प्रयोग गरिने सतही सामग्री सफा गर्न सजिलो र कम पानी लाग्ने बनाउने ।


### ११.४. आकाशेपानी सङ्कलन

११.४.१. आकाशेपानी सङ्कलनको लागि शौचालयको छाना उपयोग गर्न सकिन्छ।

११.४.२. आकाशेपानीलाई वैकल्पिक स्रोतको रूपमा लिन सकिन्छ र यदि स्थान उपलव्ध छ भने प्रयोगको लागि सङ्कलन ट्याङ्कीमा भण्डारण गर्न सकिन्छ।

११.४.३. सङ्कलनको लागि स्थान उपलव्ध नभएको अवस्थामा आकाशेपानीलाई जलभरण गर्न सकिन्छ।

११.४.४. विशेषतः पानीको अभाव भएको स्थानहरूमा पानीको आपूर्ति सहज बनाउन वातावरणमैत्री विकल्प अपनाउन सकिन्छ।




चित्र ९ : वैकल्पिक पानीको स्रोतको रूपमा अकासेपानी सङ्कलन

## १२. प्रयोगसम्बन्धी निर्देशिका (Usage Guidelines)

### १२.१. अधिकतम् प्रयोग सीमा (Occupancy Limit)

१२.१.१. सार्वजनिक शौचालयमा यसको अधिकतम् प्रयोग सीमा सम्बन्धि प्रष्ट देखिने गरी सङ्केत राख्नु पर्दछ।

१२.१.२. शौचालय प्रयोग भएको अवस्थासम्बन्धी जानकारी दिने प्रणालीको व्यवस्था हुनुपर्दछ।

१२.१.३. सार्वजनिक शौचालयमा भीडभाड कम गर्न प्रयोगकर्ताहरूको सङ्ख्या निरिक्षण गर्नुपर्दछ।

१२.१.४. प्रयोगकर्ताहरूलाई लाइनमा उभिएर सार्वजनिक शौचालय प्रयोग गर्न उत्प्रेरित एवम् व्यवस्था गर्नुपर्दछ।

### १२.२. शिष्टाचार र आदर (Courtesy and Respect for Others)

१२.२.१. शिष्टाचार पालन गर्न, पालो पर्खन र सरसफाइ कायम राख्न उत्प्रेरित गर्ने प्रकारका उचित सङ्केतहरू ठाउँठाउँमा राख्नु पर्दछ।

१२.२.२. अरूलाई पनि शौचालयको सुविधा चाँडो प्रयोग गर्न पाउने बनाउन "आवश्यक समय मात्रै शौचालयभित्र बिताउनु हुन" जस्ता सचेत गर्ने जानकारी वा अनुरोध राख्नुपर्दछ।

१२.२.३. प्रयोगकर्ताहरूको सुविधाको लागि शान्त वातावरण कायम राख्न आवश्यक जानकारी गराउनुपर्दछ।

१२.२.४. संभावित अनावश्यक वादविवाद वा अपाच्य व्यवहारलाई संवेदनशील एवम् नम्र तरिकाले व्यवस्थापन गर्न हेरालुलाई आवश्यक तालिम प्रदान गर्नुपर्दछ।

१२.२.५. एक अर्काको सम्मान र शिष्टाचार गरी सार्वजनिक शौचालय प्रयोग गर्न समुदायमा छलफल वा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

# १३. डिजाइन गर्दा ध्यान दिनुपर्ने विषय (Design Considerations)

## १३.१. पारिवारिक शौचालय

१३.१.१. पारिवारिक सार्वजनिक शौचालय साना बच्चाहरु एवम् आमाबाबु र बच्चा हेरचाह गर्ने व्यक्तीसमेतले प्रयोग गर्न मिल्ने प्रकारको हुनुपर्दछ ।

१३.१.२. पारवारिक सार्वजनिक शौचालय परिवारका सबै सदस्य, बच्चा हेरचाह गर्ने र आगन्तुकहरूको लागि समेत पर्याप्त हुने गरी ठुलो हुनुपर्दछ ।

१३.१.३. पारिवारिक सार्वजनिक शौचालय अपाङ्गता भएका व्यक्ति र विशेष प्रकारको आवश्यकता समेतलाई ध्यान दिइ बनाइएको हुनुपर्दछ ।

१३.१.४. पारिवारिक सार्वजनिक शौचालयमा हात धुने स्थान एवम् खापाको चुकुल होचो, बालमैत्री प्यान वा कमोड, डाइपर फेर्ने टेबुलको व्यवस्था हुनुपर्दछ ।

## १३.२. बच्चाको डाइपर फेर्ने स्थान (Baby Changing Stations)

१३.२.१. परिवार वा शिशु हेरचाह कोठा नभएको अवस्थामा कम्तीमा पनि पुरुष र महिला दुवैको शौचालयमा बच्चाको डाइपर फेर्ने स्थानको व्यवस्था हुनुपर्छ ।

१३.२.२. अभिभावक वा सहयोगीले प्रष्ट देखिने सङ्केतपाटीहरू हुनुपर्दछ ।

१३.२.३. प्रभावकारी संम्चालनको लागि बच्चाको डाइपर फेर्ने स्थानको नियमित निरीक्षण र मर्मतसंभार हुनुपर्दछ ।

## १३.३. सार्वजनिक कार्यक्रममा शौचालय

१३.३.१. बढीभन्दा बढी प्रयोगकर्ताहरूलाई सेवा पुग्ने गरी पर्याप्त सङ्ख्यामा शौचालय क्युबिकल हुनुपर्दछ । ताकी भीडभाड नहोस् र लाइन बस्न नपरोस् ।

१३.३.२. सार्वजनिक शौचालय सबै प्रकारका प्रयोगकर्ताहरू जस्तै लैङ्गिक-तटस्थता, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका आदिले समेत सेवा पाउने गरी सबै प्रकारका सुविधासम्पन्न हुनुपर्दछ ।

१३.३.३. अस्थायी वा स्थानान्तरण गर्न मिल्ने शौचालयहरू अनुमानित उपस्थितिको आधारमा आपूर्ति वा व्यवस्था गरिनुपर्छ ।

१३.३.४. यस प्रकारका शौचालयहरूको सञ्चालन, सरसफाइ र मर्मतसंभारको लागि कर्मचारीको व्यवस्था गरिनुपर्दछ ।

## १३.४. शौचालयको क्यूबिकल, स्नानघर, युरिनल र लुगा धुने स्थानको साइज (Size of Toilet Cubicle, Bathroom, Urinal & Washing Area)

| विवरण | सिफारिस गरिएको (मिमि) |
|---|---|
| शौचालय क्युबिकल (मापदण्ड) | १००० X १२०० |
| शौचालय क्युबिकल (अपाङ्गमैत्री) | १५०० X १८०० |
| सबै खाले शौचालय | |
| स्नानकक्ष | १०५० X १२०० |
| युरिनल (बारेको हुनुपर्ने) | • Rim Height: ६०० – ५७५ (पहुँचको लागिः ४०० – ४५०) |
| | • बीचबाट दूरीः ६०० |
| | • गारोबाट युरिनलको बीचसम्मको दूरीः ५०० |
| लुगा धुने स्थान | १७५० X १५०० |

## १३.५. प्रयोगकर्ताको आधारमा शौचालयको सङ्ख्या (Norm for Toilet unit based on users.)

| क्रम | जडान सामग्री | पार्क, वनभोज स्थल र खेलकूद कार्यक्रम | बजार र धार्मिक स्थल | बस स्टेशन, कार्यालय र संस्था |
|---|---|---|---|---|
| १ | पुरूष Water closets | १ प्रति १०० जना (४०० सम्म) र यसमाथि प्रति २५० को १ वटा थप्दै जाने | १ प्रति १०० जना अथवा यसको केही | ५० जना सम्म २ र प्रति ५० जना वापत थप १ |
| २ | महिला WC | ३ प्रति १०० जना (२०० सम्म) र यसमाथि प्रति १०० को २ वटा थप्दै जाने | २ प्रति १०० जना अथवा यसको केही | ५० जना सम्म २ र प्रति १०० जना वापत थप १ |
| ३ | पुरूष युरिनल | १ प्रति २५ जना वा यसको केही | १ प्रति २५ जना वा यसको केही | प्रत्येक ५० जना वापत न्यूनतम १ |
| ४ | सबैको लागि उपयुक्त शौचालय (Universal Toilet) | वृद्धवृद्धा, अपाङ्गता भएका, लैङ्गिक तटस्थता भएका सबैको लागि उपयुक्त शौचालय १, डाइपर फेर्ने टेबल र स्नानकक्ष | | |
| ५ | वास बेसिन | | | |
| | पुरूष | १ प्रति २०० जना वा यसको केही | १ प्रति १०० वा यसको केही | १ प्रति २५ जना वा यसको केही |
| | महिला | १ प्रति २०० जना वा यसको केही | १ प्रति १०० वा यसको केही | १ प्रति २५ जना वा यसको केही |
| | सबैको पहुँच हुने | प्रत्येकमा १ | | |
| ६ | खानेपानीको धारा | १ प्रति १०० जना वा यसको केही | | |
| ७ | स्नानकक्ष | १ धारा प्रति ५० जना निकासको वयवस्थासहित | | |
| | पुरूष | १ प्रति ८ जना वा यसको केही | | आवश्यकता अनुसार |
| | महिला | १ प्रति ६ जना वा यसको केही | | आवश्यकता अनुसार |
| ८ | स्यानीटरी प्याड भेण्डिङ उपकरण र Incinerator | प्रत्येक महिला शौचालयमा १ | | |
| ९ | सफाइकर्मीको लागि हात धुने स्थान | सफाइकर्मीको कार्यकक्षमा १ | | |

### १३.६. सार्वजनिक शौचालयको न्यूनतम मापदण्ड (Minimum Standard for a public toilet)

| विवरण | पारामिति |
|---|---|
| साइट/स्थान | उपलब्धता र उपयोगिता |
| अलगअलग खण्ड | महिला/पुरूष/अपाङ्गता भएका/तेस्रो लिङ्गी |
| कम्पार्टमेन्ट | आवतजावत र कुर्नको लागि<br>वास बेसिन<br>युरिनल<br>कम उचाइको सिस्टर्न भएको कमोड वा प्यानसिट सहितको शौचालय क्युबिकल<br>स्नानकक्ष र लुगा फेर्ने कोठा<br>बच्चा हेरचाह कोठा<br>लुगा धुने स्थान |
| सङ्केतपाटी, चिन्ह, डिस्प्ले बोर्ड | पुरूष / महिला / अपाङ्गता / भएका / बालबालिका / प्रौढ़ / चमेनाघर / जनचेतना र सूचना विज्ञापन स्पष्ट देखिने गरी |
| शौचालय प्रवेशद्वार र दृष्य निर्देशन | रयाम्प / प्लिन्थ / हाइट / खुडकिलो / लिफ्ट / हाते रेलिङ्ग |
| Fixture Units | सिस्टर्न सहितको शौचालय प्यान Pan with Cistern<br>सिस्टर्न सहितको शौचालय कमोड<br>हात धुने धारा<br>स्प्रेसहितको युरिनल<br>मिक्स्चर सहितो वास बेसिन<br>वाल मिक्स्चर र बाथरूम सावर |
| फिटिङ्ग वा Fixtures को अनुपात | महिला र पुरूष शौचालयमा फिटिङ्गको अनुपात ५:३ । उदाहरणको लागि महिलाको लागि १ र पुरूषको लागि ३ |
| पाइप र Fixtures को व्यवस्थापन / स्थान | नर्म्समा आधारित |
| शौचालय क्युबिकल साइज | ९०० मिमि X १२०० मिमि (Standard)<br>अपाङ्गता भएका प्रयोगकर्ताहरूको लागि १५०० मि मि X १८०० मिमि |
| शौचालय प्यान / कमोड | एउटाको लागि कम्तिमा १८०० मिमि x ८५० मिमि चौडा<br>भवन संहिता वा नर्म्सअनुसार कम्पार्टमेन्टको उचाइ<br>स्वचालित फ्लस उपकरण (न्यूनतम् ३ देखि ४ लिटरदेखि अधिकतम ६ लि. सम्म) |
| युरिनल | महिला/ पुरूष/ बालबालिका<br>६००-६५० मि मि भुइँ देखि रिम सम्मको उचाई<br>केन्द्रदेखि केन्द्र सम्म न्यूनतम ८०० मिमि चौडा<br>बीचबाट कुनै पनि छेउको गारोसम्म न्यूनतम ५०० मिमि<br>सँगैको दुइटा फिक्स्चरको केन्द्र सम्म ९०० मिमि |

| विवरण | पारामिति |
|---|---|
| वास बेसिन | एउटाको लागि न्यूनतम् १००० मिमि चौडा<br>केन्द्रबाट कुनै पनि दिशातिरको गारो न्यूनतम् ५०० मिमि<br>सँगैको फिक्स्चरको केन्द्र र केन्द्रबीचको दुरी न्यूनतम ८०० मिमि<br>समकोणमा न्यूनतम् ८५० देखि १००० मिमि Min |
| पानीको आपूर्ति | भण्डारण सुविधा वा पम्पको व्यवस्था<br>पानीको स्रोतको लागि ट्युववेल वा हाते पम्प |
| प्लम्बिङ्ग | सबै पानीको आपूर्ति र निकास पाइप मानव सम्पर्कबाट सुरक्षित हुनुपर्छ वा खुल्ला हुनु हुँदैन ।<br>फ्लोर ट्र्याप |
| फोहोरपानी व्यवस्थापन | निरीक्षण गर्ने च्याम्बर<br>ढलमा जोडिएको<br>प्रयोगकर्ताहरूको सङ्ख्या अनुसार सेप्टिक ट्याङ्की र सोक पिट |
| सतही पानी निकास | आकाशे पानी सङ्कलन र पुनःभरण वा भण्डारण सुविधा<br>परिसरमा सतही पानी निकास प्रणालीमा जोडिएको निकासको सुविधा<br>आकाशे पानी भित्रिने च्याम्बर |
| फोहोरमैला व्यवस्थापन | फोहोर विसर्जन बिन सुविधा (न्याप्किन, ट्वाइलेट पेपर र स्यानीटरी प्याड)<br>जलाउने व्यवस्था |
| विद्युत् र बत्तिको सुविधा | निरन्तर विद्युत् आपूर्ति<br>भित्र र बाहिर पर्याप्त बत्ति<br>भित्ते पंखा<br>आपतकालीन घण्टी<br>आगलागीमा बज्ने घण्टी<br>प्राकृतिक प्रकाश<br>सौर्य बत्ति<br>परिसरमा सिसिटिभि निगरानी |
| बायुञ्चार वा हावा आवतजावत सुविधा | सुरक्षित र गोपनीयता सुनिश्चतता भएको झ्याल बायुसंचार<br>वायु निकास पंखा (Exhaust Fan) |

| विवरण | पारामिति |
|---|---|
| अन्य सुविधाहरू | हात धुने<br>हात सुकाउने उपकरण<br>फ्लस प्रणाली<br>साबुन डिस्पेन्सर<br>ट्वाइलेट पेपर होल्डर<br>एअर फ्रेसनर<br>शौचालय र युरिनल स्यानिटाइजर<br>स्यानिटरी प्याड<br>फोहोरको बिन<br>हाते रेलिङ्ग<br>रूमाल झुण्ड्याउने डण्डी वा ह्यांगर<br>लकर वा रायक (Locker or Rack)<br>ऐना र बेन्च<br>सफाइ गर्ने उपकरण<br>प्राथमिक उपचार किट<br>अग्नी शयन यन्त्र<br>डाइपर फेर्ने बेन्च वा टेबुल |

## १३.७. पहुँचवाला शौचालय

- सबैको पहुँचवाला शौचालयमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तटस्थता भएकाहरूको लागि हुन्छ र यस प्रकारको शौचालयमा सबैको लागि अलगअलग प्रवेशद्वार, रायम्प (Ramp) को व्यवस्था हुन्छ।
- नुहाउने स्थान – नुहाउने प्लेटफर्म सहितको आवश्यक सङ्ख्या (Reference: NBC 208:2003 – Table B12)
- सबैको पहुँचवाला शौचालयको ढोकाको भित्रि चौडाइ ९०० मिमि हुनुपर्दछ (Reference: NBC 206 2015 / Section 5.0.1)
- Ramps: (Reference: NBC 206 2015 / Section 5.1)
  - उचाइ ४५० मिमि भन्दा कम भएको अवस्थामा न्यूनतम स्लोप १:८
  - उचाइ ४५० मिमि भन्दा बढी भएको अवस्थामा न्यूनतम स्लोप १:१२
  - प्रत्येक १५०० मिमिको उचाइ चढेपछि मैदान हुनुपर्दछ र यो १२०० मिमिको वर्गाकार वा ramp को चौडाइ बराबर हुनुपर्दछ।
  - rampको न्यूनतम चौडाइ १ मि हुनुपर्दछ।

## १३.८. ह्याण्डरेल ramp को सतहबाट ८५०-१००० मिमिको उचाइमा हुनुपर्दछ।

- Ramps नचिप्लिनेगरी खस्रो हुनुपर्दछ।
- सार्वजनिक सेवामा असर गर्ने तत्वहरू
  - जनसङ्ख्या थपघट
  - नियम कानुन
  - जनसाङ्ख्यिक विवरणमा परिवर्तन
  - मौसमी तत्व
  - उपभोक्ताको प्राथमिकता र अपेक्षा
  - आर्थिक तत्वहरु
  - वातावरणीय सचेतना

## १३.९. सार्वजनिक शौचालयको मागको क्रममा ध्यान दिनुपर्ने तत्वहरु

- जग्गाको उपलव्ध
- प्रदूषणको विषय, स्वच्छता र सौन्दर्य
- मानवीय गतिविधि र यसको स्वरूप
- सांस्कृतिक र धार्मिक स्थान
- पहुँच र उपयुक्तता
- समानुपातिक पहुँच
- नजिकै ढलको उपलव्धता र ढलको जडान
- स्वास्थ्य र आर्थिक विकास एवम् पर्यटकीय संभावना

## १३.१०. सार्वजनिक शौचालयको लागि साइट चयनका कारकहरू

- अधिकांश स्थानबाट सजिलै देखिने
- विद्यमान् संरचना /utility जडानबाट नजिक
- वातावरणीय प्रदूषण, स्वच्छता, सौन्दर्यताको विषय
- मानवीय गतिविधि र यसको स्वरूप
- प्रयोगकर्ताको माग

## १३.११. सार्वजनिक शौचालयका लागि डिजाइन र वातावरणीय व्यवस्थापन प्रणाली

- फोहोरपानीको व्यवस्थापनको राम्रो व्यवस्थापन र स्तरीय पानी प्रशोधन प्रणाली
- आकर्षक परिदृष्य र डिजाइन
- प्रष्ट देखिने सार्वजनिक शौचालयको सङ्केतपाटी
- शौचालयको उचित प्रयोग र स्वच्छताको महत्वसम्बन्धी सचेतनामूलक सन्देश
- अपाङ्गता भएका र प्रौढ़हरूको लागि सुविधा

| स्थान र निकटता | न्यूनतम आवश्यकता | न्यूनतम पाइप जडानसम्बन्धी मापदण्ड | वातावरणीय दिगो डिजाइन |
|---|---|---|---|
| • Setting<br>• पहुँच<br>• पार्किङ<br>• हरियाली<br>• देख्न सकिने (Visibility)<br>• सङ्केत पाटी (signage)<br>• Co-location<br>• Loitering Cues<br>• परामर्श (Consultation) | • पहुँच<br>• समानुपातिक पहुँच<br>• ढलान गरिएको, बाटो र परिदृष्य (Concrete Surround, Pathway and Landscape)<br>• जग<br>• भुइँ<br>• गारो<br>• ढोका<br>• झ्याल<br>• सिलिङ्ग<br>• छाना<br>• आँगन<br>• रंगरोगन<br>• वायुसंचार<br>• प्रकास<br>• विद्युत् जडान | • सिस्टर्न (Flush Valve)<br>• लुगा झुड्याउने ह्याङ्गर<br>• खानेपानीको सुविधा<br>• चुकुल<br>• समाउने रेलिङ्ग<br>• हातधुने स्थान<br>• बिजुली बत्ती<br>• ऐना<br>• शौचालय प्यान<br>• स्यानीटरी वस्तु र फोहोर फाल्ने बिन<br>• हानिकारक वस्तु फाल्ने बिन<br>• Sleeve<br>• ट्वाइलेट पेपर होल्डर<br>• युरिनल | • ऊर्जा<br>• पानी<br>• वस्तुको जीवनचक्रसम्बन्धी जानकारी |

| स्थान र निकटता | न्यूनतम आवश्यकता | न्यूनतम पाइप जडानसम्बन्धी मापदण्ड | वातावरणीय दिगो डिजाइन |
|---|---|---|---|
| | ● ऐना<br>● डाइपर फेर्ने टेबुल<br>● गोपनीयता र सुरक्षा<br>● ढलनिकास<br>● सङ्केतपाटी<br>● साबुन र हात सुकाउने यन्त्र<br>● युरिनल<br>● फोहोर राख्ने स्थान<br>● पानीको उपलब्धता | | |

# १४. सफाइ र मर्मतसंभार

## १४.१. सरसफाइ विधि

१४.१.१. सार्वजनिक शौचालयमा हरेक दिन नियमित सरसफाइ गर्नुपर्दछ।

१४.१.२. सार्वजनिक शौचालय प्रयोगकर्ता बढेको वा फोहोर देखिएको अवस्थामा तत्काल सफा गर्नुपर्दछ।

१४.१.३. सार्वजनिक शौचालय सरसफाइमा सफाइ सामग्री र किटाणुनाशक औषधीको प्रयोग गर्नुपर्दछ।

१४.१.४. सार्वजनिक शौचालयमा सफाइ सामग्री र सरसफाइकर्मीको लागि व्यक्तिगत सुरक्षा उपकरण हमेसा उपलब्ध हुनुपर्दछ।

१४.१.५. सार्वजनिक शौचालयमा काम गर्ने सरसफाइकर्मी वास (खानेपानी, सरसफाइ र स्वच्छता), उचित सरसफाइ विधि एवम् पेशागत स्वास्थ्य र सुरक्षासम्बन्धी तालिम प्राप्त हुनुपर्दछ।

१४.१.६. सरसफाइसम्बन्धी लगबुकमा अद्यावधिक गरिएको हुनुपर्दछ। सरसफाइ लगबुकको नमुना अनुसूचीमा दिइएको छ।

## १४.२. मर्मतसंभार तालिका

१४.२.१. सार्वजनिक शौचालयको सुविधाहरूको नियमित र कुनै पनि प्रकारको क्षतिको तत्काल मर्मत गर्नुपर्छ।

१४.२.२. सरसफाइकर्मी सामान्य मर्मतको लागि तालिम प्राप्त हुनुपर्छ साथै त्यसको लागि आवश्यक औजार उपलब्ध हुनुपर्दछ।

१४.२.३. ठुला मर्मतका लागि अपरेटरले क्षति, र आवश्यक मर्मतको लागि तोकिएको अधिकारीलाई यथासक्य चाँडो सूचना दिनुपर्दछ। यसको लागि सूचना संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

१४.२.४. मर्मत तालिकाको नमुना अनुसूचीमा दिइएको छ।

## १४.३. सूचनासम्बन्धी विषय

१४.३.१. सार्वजनिक शौचालयको प्रभावकारी सञ्चालनको लागि अनुगमन तथा नियमित निरीक्षणसम्बन्धी प्रतिवेदन तयारीको लागि अभिलेखलाई चुस्तदुरूस्त राख्नुपर्दछ।

१४.३.२. सार्वजनिक शौचालयको दुरूपयोग र जनस्वास्थ्यलाई हानी पुग्ने वा सार्वजनिक शौचालय सञ्चालनमा बाधा पुग्ने कुनै प्रकारको कार्यको बारेमा सम्बन्धित निकायलाई तत्काल सूचना दिनुपर्दछ।

१४.३.३. सरसफाइमा कमी, दुराचार वा वादविवाद/ द्वन्द्व सम्बन्धी घटनाहरूको सूचना दिन प्रयोगकर्तालाई प्रोत्साहन गरिनुपर्छ। यसको लागि गुनासो सङ्कलन गर्ने संयन्त्रको स्थापना गर्नुपर्छ।

## १५. जनस्वास्थ्य र रोगको रोकथाम

### १५.१. सङ्क्रामक रोगहरूको व्यवस्थापन

१५.१.१. प्रयोगकर्ताको सहज पहुँच हुने गरी सार्वजनिक शौचालयमा नियमित रूपले पर्याप्त मात्रामा साबुन, स्यानिटाइजर र हात पुछने कागजको रूमाल हुनुपर्दछ।

१५.१.२. किटाणु फैलिनबाट रोक्न उचित तरिकाले हात धुने विधि, जथाभावी नथुक्ने आदिसम्बन्धी प्रष्ट देखिने गरी सङ्केतहरू राख्नुपर्दछ।

१५.१.३. अस्पतालमा भुइँ पुछ्दा निसंङ्क्रमणको लागि प्रयोग गरिने किटाणुनाशक औषधिले नियमित रूपमा अनिवार्य सफाइ गर्नुपर्दछ।

१५.१.४. संक्रामक रोग, फोहोर विर्सजन, वातावरण संरक्षण लगायतका विषयमा सरसफाइ कर्मचारीलाई आवश्यक तालिम दिनुपर्दछ।

### १५.२. स्वास्थ्य र सुरक्षाको लागि फोहोर विसर्जन

१५.२.१. सार्वजनिक शौचालयमा स्यानिटरी प्याड, टिस्यु पेपर र अन्य फोहोर हाल्नको लागि अलगअलग ढक्कन सहितको फोहोर सङ्कलन भाँडो उपलव्ध हुनुपर्दछ।

१५.२.२. सार्वजनिक शौचालयका कर्मचारीलाई व्यक्तिगत सुरक्षा उपकरण र यसको प्रयोग सम्बन्धी तालिम प्रदान गर्नुपर्दछ।

१५.२.३. सामुदायिक शौचालयमा जनस्वास्थ्यमा हुनसक्ने जोखिम कम गर्न समुदायलाई फोहोरको उचित व्यवस्थापनसम्बन्धी चेतनाकरण गर्नुपर्दछ।

१५.२.४. संभावित चिकित्सकीय घटना वा आकस्मिक सङ्क्रमणलाई ध्यानमा राखेर सार्वजनिक शौचालयमा आपतकालिन किट (emergency kit) लाई नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।

## १६. अनुगमन संयन्त्र

१६.१.१. स्थानीय सरकारको अनुगमन इकाइले सार्वजनिक शौचालयको नियमित सञ्चालन र व्यवस्थापनसम्बन्धी अनुगमन गर्नुपर्दछ।

१६.१.२. अनुगमनमा खपत हुने वस्तुहरू जस्तै साबुन, टिस्यु पेपरको उपलव्धता, सरसफाइ, मर्मतसंभार, स्वच्छता, फोहोर व्यवस्थापन लगायत दिग्दर्शनमा उल्लेख सबै विषयहरूमा समेट्नुपर्दछ।

१६.१.३. स्थानीय सरकारले निर्माण गरेको अनुगमन कार्यविधि अनुसार अनुगमन प्रक्रियामा अनुगमन तालिका, पृष्ठपोषण संयन्त्र र सुधारात्मक उपायहरू समावेश हुनुपर्दछ।

## १७. नियमावलीहरूको पालना (Compliance with Regulations)

### १७.१. स्थानीय भवनसंहिता

१७.१.१. सार्वजनिक शौचालयको डिजाइन र निर्माण स्थानीय भवन संहिता र नियमानुसार हुनुपर्दछ।

१७.१.२. सार्वजनिक शौचालय निर्माणकर्ताले शौचालय निर्माणपूर्व सम्बन्धित निकायबाट आवश्यक अनुमति र स्वीकृति लिनुपर्दछ।

### १७.२. पहुँचसम्बन्धी मापदण्ड

१७.२.१. स्थानीय सरकारले सार्वजनिक शौचालयले कानुन वा स्थानीय नियमावलीमा उल्लेखित पहुँचसम्बन्धी व्यवस्थालाई परिपालन गरेको सुनिश्चित गर्नुपर्दछ।

१७.२.२. व्हीलचेयर लान मिल्ने, समाउने ह्याण्डल, ढोकाको चौडाइ, स्पष्ट देखिने पर्याप्त संकेत आदिलाई प्राथमिकतामा राखेर सार्वजनिक शौचालय डिजाइन गर्नुपर्दछ।

१७.२.३. स्थानीय सरकारले पहुँचसम्बन्धी मापदण्डको परिपालन र आवश्यक समायोजन गरेनगरेको बारे नियमित परीक्षण वा मूल्याङ्कन गर्नुपर्दछ।

### १७.३. स्वास्थ्य र सुरक्षा नियमावली

१७.३.१. नियमित सफाइ, फोहोर व्यवस्थापन र निसंक्रमण प्रोटोकल लगायतका स्वास्थ्य नियमावली अनुसार सार्वजनिक शौचालयको सरसफाइ र स्वच्छता कायम राख्नुपर्दछ ।

१७.३.२. वायु गुणस्तर कायम राख्न र दुर्गन्ध हटाउन सार्वजनिक शौचालयभित्रको उचित वायुसञ्चार प्रणालीको व्यवस्था हुनुपर्दछ ।

१७.३.३. सार्वजनिक शौचालय निर्माण र सञ्चालकले आपतकालिन अवस्थाको लागि स्वास्थ्य र सुरक्षा प्रोटोकल परिपालन गरेको हुनुपर्दछ ।

१७.३.४. सार्वजनिक शौचालयका कर्मचारीलाई सरसफाइ अभ्यास, आपतकालीन उध्दार प्रोटोकल लगायत स्वास्थ्य र सुरक्षा कार्यविधिसम्बन्धी तालिम दिनुपर्दछ ।

## १८. व्यवसाय मोडेल (Business Model)

### १८.१. आर्थिक स्रोतहरू

१८.१.१. सरकारी कोषः स्थानीय, प्रदेश र संघीय सरकारबाट निर्माण लागत जुटाउन सकिन्छ ।

१८.१.२. दातृ कोषः ट्रस्ट, राष्ट्रिय अन्तर्राष्ट्रिय गैसस सार्वजनिक शौचालयको लागि आर्थिक सहयोग गर्न इच्छुक हुनसक्छन् ।

१८.१.३. निजी सार्वजनिक साझेदारीः निजी वा व्यापारिक संस्था आफ्नो कर्पोरेट सामाजिक जिम्मेवारी वा लाभ वा राजश्व साझेदारी मोडेलको आधारमा सार्वजनिक शौचालय निर्माण गर्न वा मर्मत गर्न इच्छुक हुन सक्छन् ।

### १८.२. राजश्वको स्रोतहरू

१८.२.१. उपभोक्ता शुल्कः न्यूनतम् उपभोक्ता शुल्कले प्रयोगकर्ताको तिर्न सक्ने क्षमतालाई विचार गर्नुको साथै सञ्चालन र मर्मत खर्च जुटाउन समेत मद्दत गर्दछ ।

१८.२.२. विज्ञापनः नियमित आयको लागि सार्वजनिक शौचालयको स्थानीय व्यापारीहरूसँग समन्वय गरी बाहिरी र भित्री गारोलाई विज्ञापनको लागि प्रयोग गर्न सकिन्छ । खानेपानी सरसफाइ स्वस्चाता र वातावरण सम्बन्धित विज्ञापन र यस सम्बंधी सहकार्यको लागि प्रोत्साहन गर्न सकिनेछ ।

१८.२.३. जग्गा भाडा लगाउनेः यदि कुनै खाली स्थान उपलव्ध छ भने त्यसलाई भाडा लगाएर थप आम्दानी गर्न सकिन्छ ।

१८.२.४. प्रायोजनः सञ्चालन र मर्मतसँग सम्बन्धित कार्यको लागि प्रायोजन गराउन सकिन्छ ।

### १८.३. खर्चहरू

१८.३.१. सार्वजनिक शौचालयमा सरसफाइ र स्वच्छताको मापदण्ड कायम गरिएको सुनिश्चित गर्न हेरालु वा कर्मचारी चाहिन्छ । यी व्यक्तिहरू सरसफाइ र सुविधाहरू पुनर्स्थापन गर्न, कसरी प्रयोग भइरहेको छ भनी अनुगमन गर्न, र उत्पन्न हुनसक्ने कुनै पनि समस्या वा आपतकाललाई तुरुन्तै सम्बोधन गर्न जिम्मेवार हुन्छन् । यी कर्मचारीहरूको तलब र सुविधाहरू मानव संसाधन खर्चको एक महत्त्वपूर्ण अंग हो।

१८.३.२. सामग्रीहरूः सार्वजनिक शौचालयको सन्दर्भमा आपूर्ति खर्च यी सुविधाहरुको दैनिक सञ्चालन र मर्मतसम्भारको लागि आवश्यक सामग्रीहरू र उपभोग्य वस्तुहरू खरिदसँग सम्बन्धित लागतहरूलाई जनाउँछ । यस खर्च स्वच्छता, सरसफाइ, र समग्र प्रयोगकर्ता सन्तुष्टि सुनिश्चित गर्न आवश्यक छ । सार्वजनिक शौचालयको आपूर्ति खर्चको विवरण यस्तो छ:

- सफाइ सामग्रीहरूः
  - सफा गर्ने वस्तु (कीटाणुनाशकहरू, डिटर्जेंटहरू, शौचालय सफा गर्ने वस्तु)
  - भुईं पुछ्ने, झाडु र कुचो
  - फाल्न मिल्ने पंजा र अन्य सुरक्षा पोशाक
  - फोहोर राख्ने झोला र बिन
- ट्वाइलेट पेपर:

❍ स्वच्छतासम्बन्धी सामग्रीहरू:
- झोल साबुन
- स्यानिटाइजर
- हात सुकाउने वा हात पुछ्ने रूमाल

❍ मर्मतसंभारसम्बन्धी सामग्रीहरू:
- साधारण उपकरणहरू
- पाइप जडानसम्बन्धि जगेडा सामग्रीहरू
- चिम र बिजुली जडान
- विद्युतीय उपकरणको लागि ब्याटरी (आवश्यक भएमा)

❍ उपभोग्य सामग्रीहरू:
- एअर फ्रेसनर (Air Freshener)
- डिअडोराइजर (Deodorizers)

❍ सङ्केत पाटी र जानकारीमूलक बस्तु:
- उचित प्रयोग र स्वच्छता अभ्यासलाई ईंगित गर्ने संकेत पाटी
- सफाइ प्रवर्ध्दन गर्ने जानकारीमूलक पोस्टर वा ब्रोसर

❍ सुरक्षासम्बन्धी सामग्रीहरू:
- प्राथमिक उपचार किटहरू
- सुरक्षा चिन्ह र उपकरण (चिसो भुईं सम्बन्धी संकेत, जोखिम संकेत गर्ने डोरी)

❍ किरा नियन्त्रणसम्बन्धि सामग्रीहरू:
- किटनाशक वा संक्रमण रोक्न किरा नियन्त्रण सेवा

❍ अन्य सामग्रीहरू:
- Carts वा storage solutions
- विद्युतीय उपकरणको लागि ब्याटरी (आवश्यक भएमा)

सफा र सञ्चालन भइरहेको सार्वजनिक शौचालयको सुविधा कायम राख्न यी सामग्रीहरू नियमित रूपमा प्रतिस्थापन गर्नु जरुरी हुन्छ । पर्याप्त सामग्रीहरूले प्रयोगकर्ताहरूमा सकारात्मक अनुभव जगाउन योगदान पुर्‍याउँछ, जनस्वास्थ्यलाई बढावा दिन्छ, र यी सार्वजनिक सुविधाहरूको कुशल व्यवस्थापनमा मद्दत गर्दछ । यसको साथै उक्त सुविधामा राम्रो भण्डारणको व्यवस्था छ र सधैं स्वच्छतासम्बन्धी मापदण्डहरू पूरा गर्दछ भन्ने सुनिश्चित गर्न आवश्यक सामग्रीहरूको लागि बजेट आवश्यक हुन्छ ।

१८.३.३. औजार र उपकरण: सार्वजनिक शौचालयको मर्मतसंभार र प्रभावकारी सञ्चालनका लागि औजार र उपकरणहरू आवश्यक हुन्छन् । सुसज्जित सुविधाहरूले प्रयोगकर्तामा सकारात्मक अनुभव जगाउन योगदान पुर्‍याउँछ र पूर्वाधारको दीर्घायु सुनिश्चित गर्न मद्दत गर्दछ । यहाँ सार्वजनिक शौचालयको मर्मतसम्भारमा प्रयोग हुने औजार र उपकरणहरूको सूची दिइएको छ:

❍ प्लम्बिङ्ग औजार
- घण्टी (Plungers)
- पाइप रेन्चु (Pipe wrenches)
- पाइप बर्मा (Pipe snakes or augers)
- पाइप कटर (Pipe cutters)

❍ सफाइ उपकरण:
- मोप, झाडु, कुचो र डस्ट प्यान
- भ्याकुम क्लिनर
- High-pressure washers
- खुर्कने ब्रुस र प्याड (Scrub brushes and scouring pads)

❍ विद्युतीय औजार:
- पेचकश (Screwdrivers)
- वायर कटर (Wire cutters)
- टेस्टर (Voltage testers)

❍ हाते औजार:
- ह्यामर (Hammers)
- पेचकश (Screwdrivers)
- प्लाएर (Pliers)
- Utility knives

❍ सुरक्षा उपकरण:
- सुरक्षा पञ्जा
- सुरक्षा चस्मा (Safety goggles)
- कडा ह्याट (Hard hats (if applicable)
- मास्क (Respirators or masks)

❍ अध्ययन तथा मापन औजार :
- नाप्ने टेप (Tape measures)
- स्पिरिट लेबल (Spirit levels)
- Stud finders
- तापक्रम मापनको लागि थर्मोमिटर

❍ मर्मरसंभार उपकरण:
- टुलबक्स (Toolbox or tool chest)
- भर्याङ (Ladders or step stools)
- Power drills and bits
- रेन्चु सेट (Wrench sets)

❍ हेरालुको लागि ठेला र भण्डारण कक्ष (Janitorial Carts and Storage Solutions):
- सफाइ सामग्री ढुवानीको लागि ठेला (Carts for transporting cleaning supplies.)
- भण्डारण क्याबिनेट वा औजारहरू राख्न दराज

❍ जमीन मर्मर औजार :
- रायक र साबेल (Rakes and shovels)
- झाडी काट्ने (Weed trimmers.)
- पतकर तान्ने मेशिन (आवश्यक भएमा)

❍ अन्य उपकरण:
- भिजेको भुईं सङ्केत (Wet floor signs)
- अग्नी शमन यन्त्र (Fire extinguishers)
- फोहोर खाँद्ने वा विसर्जन गर्ने (Trash compactors or disposal units)

राम्रोसँग राखिएको औजार र उपकरणहरूको सेटले मर्मतसम्भार कर्मचारीहरूलाई तुरुन्तै समस्याहरू समाधान गर्न, नियमित सरसफाइ गर्न, र आवश्यक मर्मतहरू गर्न सहयोग गर्दछ । प्रभावकारिता र टिकाउ बनाइराख्नको लागि यी उपकरणहरूको नियमित निरीक्षण र मर्मत आवश्यक छ । साथै कार्यक्षेत्रको सुरक्षा र कर्मचारीको दक्षताको लागि यी उपकरणहरूको सही प्रयोग र मर्मतसम्बन्धी कर्मचारीहरूलाई उचित प्रशिक्षण दिनुपर्दछ ।

### १८.४. सञ्चालन मोडेल

१८.४.१. प्रत्यक्ष व्यवस्थापनः स्थानीय निकाय (नगरपालिका वा वडा) द्वारा बजेट विनियोजन र प्रयोगकर्ता शुल्कहरू (यदि स्थानीय निकायले न्यूनतम् शुल्क उठाउने भएमा) मार्फत खर्चहरू जुटाएर सार्वजनिक शौचालयहरूको प्रत्यक्ष व्यवस्थापन गर्न सकिन्छ ।

१८.४.२. निजी सार्वजनिक साझेदारी:

१८.४.२.१. वाह्य व्यवस्थापन: दैनिक सञ्चालन, सरसफाइ, मर्मतसम्भार र प्रयोगकर्ता सेवाहरूको लागि सार्वजनिक शौचालयको व्यवस्थापन निजी संस्थाहरूलाई दिन सकिन्छ ।

१८.४.२.२. निजीक्षेत्रको साझेदारले राजस्व बाँडफाँड सम्झौता वा क्रस-सब्सिडी मोडेल (Cross-subsidy Model) को साथ शौचालय सञ्चालन गर्नसक्छ ।

१८.४.३. समुदायको संलग्नता :

१८.४.३.१. सञ्चालनको जिम्मेवारी र लागत बाँड्न व्यापारिक संस्था वा सामुदायिक संस्थासँग साझेदारी गर्न सकिन्छ ।

१८.४.३.२. सार्वजनिक शौचालय अनुगमनको लागि स्थानीय समुदायलाई संलग्न गराउन स्वयंसेवक कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

## १९. वित्तीय मोडेल

### १९.१. सार्वजनिक शौचालयमा लगानीको लागि सम्बन्धित क्षेत्रहरूको चासो

| प्रयोगकर्ताको फुटफल | | | क्षेत्रगत संलग्नता / व्यापारिक मोडेल |
|---|---|---|---|
| उच्च | मध्यम | न्यून | |
| पुँजी, पुन:भुक्तानी वित्तीय, अनुदान | पुँजी, पुन:भुक्तानी वित्तीय, अनुदान, कर्पोरेट सामाजिक उत्तरदायित्व (कसाउ), सरकारी | कसाउ, सरकारी, अनुदान, सहुलियत | निजी क्षेत्र |
| कसाउ, सरकारी, दातृनिकाय, अनुदान | पुन: भुक्तानी वित्तीय, पुँजी, अनुदान, कसाउ, सरकारी | कसाउ, सरकारी, अनुदान, सहुलियत | सार्वजनिक निजी साझेदारी (सानीसा) |
| कसाउ, सरकारी, दातृनिकाय, अनुदान | स्वयम, ऋण, अनुदान, कसाउ, सरकारी | कसाउ, सरकारी, अनुदान, सहुलियत | गैसस |
| सरकारी | सरकारी | सरकारी | समुदाय/सुशासन मोडेल |

| | | |
|---|---|---|
| लगानी | | |
| क्षेत्रगत अपेक्षा क्षेत्रगत अपेक्षा | | |
| निजी क्षेत्र | उच्च-मध्यम फुटफल उच्च-मध्यम फुटफल | निजी क्षेत्र नाफामुखी हुन्छ, उनीहरू घाटा खानेभन्दा उच्च राजस्व सङ्कलन मोडलमा रुचि राख्छन् |
| सार्वजनिक निजी साझेदारी मोडेल | उच्च-उच्च-मध्यम-न्यून फुटफल मध्यम-न्यून फुटफल | सरकारी अनुदानमा निजी क्षेत्र संलग्न हुन चाहन्छ। निजी क्षेत्र एउटा व्यवस्थापन निकाय मात्र हो। गैसस र सामुदायिक संस्थाहरू पनि यस मोडेलमा व्यवस्थापकीय जिम्मेवारीमा हुन सक्छन्। |
| समुदाय मोडेल | मध्यम-न्यून मध्यम-न्यून फुटफल फुटफल | अनुदान मोडेल, कुल सरकारी लगानीमा सामुदायिक संस्था र समुदाय मिलेर व्यवस्थापन गर्दछ। |

## १९.२. राजश्वका स्रोतहरू

क. प्रयोग शुल्क (पटके, मासिक)
ख. विज्ञापन
ग. अनुदान/सरकारी कोष
घ. अनुदान

च. निजी क्षेत्रको लगानी
छ. दातृनिकाय
ज. ऋण
झ. सरकारी योजना

## १९.३. क्षेत्रगत संलग्नता

क. निजीक्षेत्रमा आधारित सञ्चालन मोडेल

निजी क्षेत्रहरू नाफामुखी संस्थाहरू हुन् जसले सानिसा (PPP) सम्झौता अन्तर्गत वा निर्माण-सञ्चालन-हस्तान्तरण (BOT) सम्झौता अन्तर्गत एक्लै वा सरकारसँगको साझेदारीमा काम गर्न सक्छन्। यसबाट अनुमान गर्न सकिन्छ कि निजी क्षेत्रहरू प्रायः उच्च जनसङ्ख्या वा भीडभाड क्षेत्रमा लगानी गर्न उत्सुक हुन्छन्। यस व्यवसाय मोडल अन्तर्गत सार्वजनिक शौचालय स्थापना गर्न आवश्यक पर्ने जग्गा सरकारी/स्थानीय निकायले उपलब्ध गराउनु पर्नेहुन्छ र सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सञ्चालन र मर्मतसम्भारमा निजी क्षेत्रले लगानी गर्नुपर्ने हुन्छ। बदलामा, उनीहरूलाई विज्ञापन वा प्रयोग शुल्क जस्ता माध्यमहरूमार्फत राजस्व सङ्कलन गर्न अनुमति दिइन्छ। यस अवधारणामा थुप्रै फाइदाहरू हुनसक्छन् जस्तो कि सार्वजनिक पूर्वाधारमा निजी वित्तपोषण र उचित मर्मतसम्भारको लागि प्रोत्साहन, जनताको लागि राम्रो गुणस्तर र सफा सुविधाहरू आदि। यद्यपि, लगानीको व्यवस्थापन नितान्त पुँजी लगानी, चुक्ता पुँजी, कसाउ (CSR) वा अनुदानहरू जस्ता माध्यम मार्फत् निजी क्षेत्रमा मात्र निर्भर हुन्छ।

त्यस्ता मोडेलहरूको सफलता स्थान, समुदायको सहभागिता, आर्थिक व्यवहारिकता, सुशासन, र सञ्चालन व्यवस्थापनलगायत कारणहरूमा निर्भर गर्दछ। साथै यी सुविधाहरू सहरी बासिन्दाको सरसफाइ आवश्यकताहरूलाई प्रभावकारी ढंगले पूर्ति गर्ने गरी राम्रोसँग मर्मतसंभार गरिएको, पहुँच भएको, मितव्ययी भएको सुनिश्चित गर्नु आवश्यक हुन्छ।

| निजी क्षेत्रमा आधारित सञ्चालन | |
|---|---|
| जग्गा | सरकार वा स्थानीय निकायले उपलव्ध गराउने |
| निर्माण | निजी लगानी, पुनःभुक्तानी वित्तपोषण, कसाउ, अनुदान<br>व्यवस्थापन निजी क्षेत्र एक्लै |
| नियम कानुन | न्यूनतम् मापदण्ड/ गुणस्तरीय सेवाको साथ प्रस्ताव गरिएका सम्पूर्ण बेन्चमार्क |
| सम्झौता | अनुचित प्रभाव बिना खरिद नियमावली र भाडामा दिने प्रक्रियामा रही निश्पक्ष र खुल्ला प्रतिस्पर्धा मार्फत् |
| अनुगमन प्रतिबद्धता | जाँच/अनुगमन/सार्वजनिक शौचालयको गुणस्तर मापदन्द र सञ्चालन क्षमताको मूल्याङ्कन |
| | अनुगमन उपकरणभन्दा फरक देखिएमा जरिवाना |
| प्रतिवेदन र पृष्ठपोषण | अनुगमन टिमको प्रतिवेदन, प्रयोगकर्ताहरूको सुझाव, निजीक्षेत्रको क्षमता प्रतिवेदन,<br>छलफल गरी सार्वजनिक शौचालयको व्यवस्थापनसम्बन्धी मापदण्डको आधारमा संयुक्त प्रतिवेदन तयार गर्ने । |
| क्लष्टरमा आधारित अवधारणा | यस प्रणालीले क्रस सब्सिडी वितरण संयन्त्रको साथमा वित्तीय व्यवस्थापनलाई तर्कसंगत बनाउन मद्दत गर्दछ (उच्च, मध्यम र न्यून फुटफल भएका ४-६ वटा सार्वजनिक शौचालयको क्लस्टर बनाउने) |
| राजश्व सङ्कलन मोडेल | विज्ञापन बिलबोर्ड, पोस्टर, कसाउ, ( कसाउ अन्तर्गत सरसफाइ र निसंक्रमण उपकरण, प्रवर्द्धनस्वरूप) |

ख. सानिसामा (PPP) आधारित सञ्चालन मोडेल

सानिसा मोडेलमा सार्वजनिक क्षेत्र र निजी संस्थाहरू वा गैरसरकारी संस्थाहरू बीच सहकार्य हुन्छ । यस मोडलको उद्देश्य सार्वजनिक शौचालयहरूको प्रभावकारी सञ्चालन र मर्मतसम्भार सुनिश्चित गर्नुका साथै लागत कम गर्न राजस्व उत्पादनका लागि अवसरहरू प्रदान गर्ने रहेको छ। यद्यपि, यस मोडेलको सफलता स्थानीय परिवेश, प्रयोगकर्ताको व्यवहार, र साझेदारीको प्रभावकारितालगायतक विविध कारणहरूमा निर्भर गर्दछ। यसमा, सञ्चालन र मर्मतसम्भार (O&M) को जिम्मेवारी टेन्डरमार्फत गैसस वा निजी सफाई कम्पनीहरूलाई दिइन्छ भने शौचालयहरू निर्माणमा नगरपालिकाले लगानी गर्दछ । यस मोडेलमा शौचालय प्रयोगकर्ताहरूबाट शुल्क उठाएर प्राय: ठेकेदारले स्थानीय सरकारलाई भुक्तानी गर्नुपर्ने राजश्वको परिपूर्ति पर्दछ । BOT मोडेल र गैसस वा सामुदायिक संस्थाद्वार सञ्चालित मोडेल पनि सानीसा मोडेल अन्तर्गत सञ्चालन गर्न सकिन्छ ।

| निजी क्षेत्रमा आधारित सञ्चालन | |
|---|---|
| जग्गा | सरकार |
| व्यवस्थापन | निर्धारित कार्यक्षेत्रको आधारमा नगरपालिका/वडा कार्यालय वा सामुदायिक संस्था |
| निर्माण | नगरपालिका |
| सञ्चालन | सम्झौताको आधारमा नगरपालिका वा सामुदायिक संस्थाद्वारा निरीक्षण |
| अनुगमन | नगरपालिका/वडा कार्यालय/अनुगमन समिति |
| सम्झौता | सञ्चालन र मर्मतसंभारको हकमा नवीकरणको संभावनासहित पाँच वर्ष |

## १९.४. व्यवसाय मोडेल खाका

व्यापारिक योजना - सार्वजनिक शौचालय (खाका)

**तालिका १ – सेवाको विक्री योजना**

| क्रसं | विवरण | इकाइ | सङ्ख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १ | शुल्क – पिसाब गरेको | प्रति प्रयोग | - | - | - |
| २ | शुल्क – दिसा गरेको | प्रति प्रयोग | - | - | - |
| ३ | शुल्क - नुहाएको | प्रति प्रयोग | - | - | - |
| ४ | (अन्य सम्भावित शीर्षक) | प्रति प्रयोग | - | - | - |
| ५ | | प्रति प्रयोग | - | - | - |
| ६ | | प्रति प्रयोग | - | - | - |
| ७ | | प्रति प्रयोग | - | - | - |
| | | | | कूल (१) | - |

**तालिका २ – अचल सम्पती लगानी रकम**

| क्रसं | बिवरण | इकाइ | सङ्ख्या | दर | रकम | वर्ष | ह्रासकट्टी (%) | रकम |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **फर्निचर** | | | | | | | |
| १.१ | कार्यालय टेबुल | गोटा | - | - | - | - | - | - |
| १.२ | कार्यालय कुर्सी | गोटा | - | - | - | - | - | - |
| १.३ | फिल्टर स्ट्याण्ड | गोटा | - | - | - | - | - | - |
| १.४ | सूचनापाटी | गोटा | - | - | - | - | - | - |
| १.५ | स्टिल दराज | गोटा | - | - | - | - | - | - |
| १.६ | प्लाष्टिकको कुर्सी | गोटा | - | - | - | - | - | - |
| **२** | **यन्त्र र उपकरण** | | | | | | | |
| २.१ | साइकल | गोटा | - | - | - | - | - | - |
| २.२ | उपकरणहरू | गोटा | - | - | - | - | - | - |
| २.३ | तराजु | गोटा | - | - | - | - | - | - |
| **३** | **अन्य** | | | | | | | |
| ३.१ | पानीको फिल्टर | गोटा | - | - | - | - | - | - |
| ३.२ | बाल्टिन र मग | गोटा | - | - | - | - | - | - |
| ३.३ | व्यक्तिगत सुरक्षा उपकरण | गोटा | - | - | - | - | - | - |
| | | | | कूल (२.१) | - | | कूल (२.२) | - |

**तालिका ३ – मानव संशाधन**

| क्रसं | विवरण | इकाइ | सङ्ख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १ | कार्यालय निरीक्षक | मासिक | - | - | - |
| २ | कार्यालय सहयोगी | मासिक | - | - | - |
| ३ | स्थलगत निरीक्षक | मासिक | - | - | - |
| ४ | स्थलगत निरीक्षक | मासिक | - | - | - |
| ५ | | मासिक | - | - | - |
| ६ | | मासिक | - | - | - |
| | | | | कूल (३) | - |

**टेबुल ४ - ओभरहेड**

| क्रसं | विवरण | इकाइ | सङ्ख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १ | सञ्चार | मासिक | - | - | - |
| २ | बिजुली | मासिक | - | - | - |
| ३ | पानी | मासिक | - | - | - |
| ४ | साबुन | मासिक | - | - | - |
| ५ | मसलन्द | मासिक | - | - | - |
| ६ | भाडा | मासिक | - | - | - |
| ७ | इन्धन | मासिक | - | - | - |
| ८ | | वार्षिक | - | - | - |
| ९ | | मासिक | - | - | - |
| १० | | वार्षिक | - | - | - |
| ११ | | मासिक | - | - | - |
| १२ | विविध | मासिक | - | - | - |
| | | | | कूल (४) | - |

### तालिका ५ : बजार व्यवस्थापन र प्रवर्ध्दन

| क्रसं | विवरण | इकाइ | सङ्ख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १ | विज्ञापन | मासिक | - | | |
| २ | प्रवर्ध्दन | मासिक | - | | |
| | | | | कूल (५) | - |

### तालिका ६: सञ्चालन खर्च

| क्रसं | विवरण | सान्दर्भिक तालिका | रकम |
|---|---|---|---|
| १ | मानव संशाधन | तालिका ३ - कूल (३) | - |
| २ | ओभरहेड | तालिका ४ - कूल (४) | - |
| ३ | बजारीकरण र प्रवर्द्धन | तालिका ५ - कूल (५) | - |
| | | कूल जम्मा | - |

### तालिका ७ - Calculation of Cost Type

| क्रसं | विवरण | Reference Table | रकम |
|---|---|---|---|
| १ | **विक्रि** | तालिका १ – कूल (१) | - |
| २ | **न्यून: परिवर्तनीय खर्च** | | |
| | मानव संशाधन | तालिका ६ – क्रसं १ | - |
| | ओभरहेड | तालिका ५ – क्रसं २ | - |
| | जम्मा परिवर्तनीय खर्च | | - |
| | योगदान | | - |
| ३ | **न्यून: अपरिवर्तनीय खर्च** | | |
| | बजारीकरण र प्रवर्द्धन | तालिका ६ – क्रसं ३ | - |
| | ह्रासकट्टी | तालिका २ – कूल (२.२) | - |
| | वित्तीय मूल्य | तालिका २ - कूल (२.१) | - |
| | कूल अपरिवर्तनीय खर्च | | - |
| ४ | **खुद नाफा (कर अघि)** | | - |
| ५ | **नाफाको मात्रा अनुपात** | | - |
| | | | |

# २०. पृष्ठपोषण र प्रतिवेदन (Feedback and Reporting)

## २०.१. सुझाव कसरी दिने ?

२०.१.१. प्रयोगकर्ताहरूले अनलाइन आईसीटी आधारित प्लेटफर्म वा फोन नम्बरमार्फत् सुझाव र सार्वजनिक शौचालय प्रयोगसम्बन्धी अनुभव प्रदान गर्न सक्छ।

## २०.२. प्रतिवेदनको विषय वा उल्लङ्घन (Reporting Issues or Violations)

२०.२.१. अनलाइन आईसीटी आधारित प्लेटफर्म, वा फोन नम्बरमार्फत् वा स्थलगत रूपमा गुनासो गर्नसक्ने प्रणाली हुनुपर्दछ।

## २०.३. जिम्मेवारीपूर्ण उपयोगको लागि प्रोत्साहन (Encouragement for Responsible Use)

२०.३.१. सार्वजनिक शौचालयको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकार, अपरेटर कम्पनी/सङ्गठन, अपरेटर र प्रयोगकर्ताहरू लगायत भूमिका र जिम्मेवारीलाई स्थानीय सरकारले स्पष्ट रूपमा परिभाषित गर्नुपर्छ।


२०.३.२. उपयुक्त सङ्केत र सन्देशहरूमार्फत सार्वजनिक शौचालय प्रयोगकर्ताहरूमा सकारात्मक आचरणहरू प्रदर्शन गर्न र नकारात्मकतालाई निरुत्साहित गर्न प्रोत्साहित गरिनुपर्छ।

२०.३.३. सार्वजनिक शौचालय हाताभित्र मदिरापान र चुरोट सेवन जस्ता निषेधित क्रियाकलाप गर्न नहुने सम्बन्धी सूचना/जानकारी सबैले सजिलै देखिने गरी स्पष्ट रूपमा राख्नु पर्दछ।


# २१. अनुसूची

## २१.१. भुईंको प्लान (Diagrams and Floor Plans)


२१.१.१. एकल सार्वजनिक शौचालय (Standalone public toilet)






२१.१.२. आधारभूत सार्वजनिक शौचालय (Basic public toilet)



२१.१.३. बालमैत्री र सहज पहुँच सहितको आधारभूत सार्वजनिक शौचालय (Basic public toilet with children and accessible friendly)



## २१.२. उच्च तथा सबैलाई हुने सार्वजनिक शौचालय सुविधा (Advance cum Universal Public Toilet Facility)

२१.२.१. सफाइ तालिकासम्बन्धी Template सार्वजनिक शौचालय सफाइ विधि

| क्रसं | चरणहरू | कैफियत |
|---|---|---|
| १ | धुलो सफा गर्नु अघि चिन्ह राख्नुहोस् | सफाइ हुँदैछ । |
| २ | आधारभूत स्वच्छता सामग्री फेर्ने वा राख्ने | साबुन, ट्वाइलेट पेपर आदि । |
| ३ | ट्वाइलेट र युरिनल सफा र स्वच्छ बनाउने | ट्वाइलेट र युरिनललाई भित्र बाहिर राम्ररी सफा गर्ने । |
| ४ | हातधुने स्थान, ऐना आदि सफा गर्ने | दाग, हातको दाम, पानी वा साबुनको दाग र अन्य दागहरू सफा गर्ने । |
| ५ | भित्ता र धाराहरू सफा गर्ने | भित्ता, ढोका, नब, पार्टिशन आदि सफा गर्ने । |
| ६ | भुइँ सफा गर्ने | भुइँ पुछ्ने । यसरी पुछ्दा भित्रबाट बाहिरतिर पुछदै आउने र पूर्ण रूपले नसुकेसम्म ढोका खुल्लै राख्ने । |
| ७ | डाइपर फेर्ने स्थानको सफा गरी निसंङ्क्रमण गरिएको सुचनिश्चित गर्ने | शिशु र बच्चाको छाला संवेदनशील हुने हुँदा राम्ररी निसङ्क्रमण गर्ने । |

२१.२.२. सार्वजनिक शौचालय सफाइ तालिका

| शौचालय | | | | | | | मिति: | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रसं | विवरण | बिहानको शिफ्ट | | | | कैफियत | साँझको शिफ्ट | | | | कैफियत |
| | | ५-७ | ७-९ | ९-१२ | १२-२ | | २-४ | ४-६ | ६-८ | ८-१० | |
| १ | बाटो | | | | | | | | | | |
| २ | भुइँ | | | | | | | | | | |
| ३ | ढोका | | | | | | | | | | |
| ४ | ढोकाको नब | | | | | | | | | | |
| ५ | गारो | | | | | | | | | | |
| ६ | शिशा | | | | | | | | | | |
| ७ | झ्याल | | | | | | | | | | |
| ८ | वास बेसिन | | | | | | | | | | |
| ९ | बेसिन ट्याब | | | | | | | | | | |
| १० | युरिनल | | | | | | | | | | |
| ११ | युरिनल फ्लस | | | | | | | | | | |
| १२ | कमोड | | | | | | | | | | |
| १३ | कमोडको ढकन | | | | | | | | | | |
| १४ | कमोड फ्लस | | | | | | | | | | |
| १५ | कमोड स्प्रे | | | | | | | | | | |
| १६ | प्यान | | | | | | | | | | |
| १७ | प्यान फ्लस | | | | | | | | | | |
| १८ | प्यान Tab | | | | | | | | | | |
| १९ | ट्वाइलेट पेपर | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | झोल साबुन | | | | | | | | | | |
| २१ | ह्याण्ड स्यानिटाइजर | | | | | | | | | | |
| २२ | हात सुकाउने यन्त्र | | | | | | | | | | |
| २३ | न्याप्किन पेपर | | | | | | | | | | |
| २४ | फोहोरको भाँडो | | | | | | | | | | |
| २५ | स्यानिटरी प्याडको भाँडो | | | | | | | | | | |
| २६ | फर्निचर | | | | | | | | | | |
| २७ | पाइप र जडान | | | | | | | | | | |
| २८ | Ramp | | | | | | | | | | |
| २९ | Ramp को रेलिङ्ग | | | | | | | | | | |
| ३० | अपाङ्गतामैत्री जडानहरू | | | | | | | | | | |
| | निरीक्षकको हस्ताक्षर | | | | | | | | | | |
| | वरिष्ठ निरीक्षक | | | | | | | | | | |
| | सङ्केत | | | | | | | | | | |
| | G: राम्रो | | | | | | | | | | |
| | S: सन्तोषजनक | | | | | | | | | | |
| | N: सन्तोषजनक छैन (तत्काल सफा गर्ने) | | | | | | | | | | |

२१.२.३. सार्वजनिक शौचालयको Deep Cleaning

| क्रसं | शौचालय | मिति: | | | |
|---|---|---|---|---|---|
| | विवरण | महिना | | | |
| | | हप्ता १ | हप्ता २ | हप्ता ३ | हप्ता ४ |
| १ | सङ्केतपाटी | | | | |
| २ | बाटो | | | | |
| ३ | भुइँ | | | | |
| ४ | ढोका | | | | |
| ५ | ढोका नब | | | | |
| ६ | गारो | | | | |
| ७ | शिशा | | | | |
| ८ | झ्याल | | | | |
| ९ | वास बेसिन | | | | |
| १० | बेसिन ट्याब | | | | |
| ११ | युरिनल | | | | |
| १२ | युरिनल फ्लस | | | | |
| १३ | कमोड | | | | |
| १४ | कमोड टप | | | | |
| १५ | कमोड फ्लस | | | | |
| १६ | कमोड स्प्रे | | | | |
| १७ | प्यान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | प्यान फ्लस | | | | |
| १९ | प्यान ट्र्याब | | | | |
| २० | ट्वाइलेट पेपर | | | | |
| २१ | झोल साबुन | | | | |
| २२ | ह्याण्ड स्यानिटाइजर | | | | |
| २३ | हात सुकाउने यन्त्र | | | | |
| २४ | न्यापकिन पेपर | | | | |
| २५ | फोहोर बिन | | | | |
| २६ | स्यानिटरी प्याड बिन | | | | |
| २७ | फर्निचर | | | | |
| २८ | जडानहरू | | | | |
| २९ | Ramp | | | | |
| ३० | Ramp/समाउने रेलिङ्ग | | | | |
| ३१ | Tactiles | | | | |
| ३२ | घण्टी | | | | |
| ३३ | अपाङ्गमैत्री जडानहरू | | | | |
| ३४ | स्यानीटरी प्याड वितरण यन्त्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | स्यानीटरी प्याड विसर्जन उपकरण | | | | |
| ३६ | जगेडा सामग्री (Stock of Spare Parts) | | | | |
| ३७ | उपभोग्य वस्तुहरूको जगेडा (Stock of consumable products) | | | | |
| ३८ | विद्युतीय स्वीच | | | | |
| ३९ | प्रकाश | | | | |
| ४० | प्रकाश ब्याकअप (Lighting Backups) | | | | |
| ४१ | वायुसञ्चार | | | | |
| ४२ | प्लम्बिङ | | | | |
| ४३ | शौचालय भित्रि बाहिरी संरचना (Toilet Infrastructure, Inside Out) | | | | |
| ४४ | विज्ञापन बोर्ड | | | | |
| ४५ | विज्ञापन प्रकाश बोर्ड (Advertisement Light Board) | | | | |
| ४६ | सेप्टिक ट्याङ्की | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | फोहोरपानी प्रशोधन प्रणाली (Effluent Treatment System) | | | | |
| ४८ | पृष्ठपोषण मोड्युल (Feedback Module) | | | | |
| ४९ | प्रतिवेदन र अभिलेखहरू | | | | |
| | निरीक्षकको हस्ताक्षर | | | | |
| | वरिष्ठ निरीक्षक | | | | |
| | सङ्केतः | | | | |
| | G: राम्रो | | | | |
| | S: सन्तोषजनक | | | | |
| | N: सन्तोषजनक छैन (पेच कस्ने, चुहावट, जोर्नी खुकुलो जस्ता सामान्य मर्मत आवश्यक | | | | |
| | O: काम नगरेको (तत्काल आवश्यक कार्य) | | | | |

नोटः कम्तिमा महिनामा एक पटक तर फुटफल र वरपरको वातावरणको आधारमा व्यवस्थापनलाई सूचिकृत हुनसक्छ ।

## २१.३. **नियमित मर्मत तालिकाको नमुना**

### २१.३.१. अनुगमन/निरीक्षण सिट

| शौचालय | | मिति: | | | |
|---|---|---|---|---|---|
| क्रसं | विवरण | उपकरण/जडानको अवस्था | | | |
| | | राम्रो (G) | सन्तोषजनक (S) | सन्तोषजनक छैन (NS) | काम नगरेको (OOO) |
| १ | सङ्केतपाटी | | | | |
| २ | बाटो | | | | |
| ३ | भुइँ | | | | |
| ४ | ढोका | | | | |
| ५ | ढोका नब | | | | |
| ६ | गारो | | | | |
| ७ | शिशा | | | | |
| ८ | झ्याल | | | | |
| ९ | वास बेसिन | | | | |
| १० | बेसिन ट्याब | | | | |
| ११ | युरिनल | | | | |
| १२ | युरिनल फ्लस | | | | |
| १३ | कमोड | | | | |
| १४ | कमोड टप | | | | |
| १५ | कमोड फ्लस | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | कमोड स्प्रे | | | | |
| १७ | प्यान | | | | |
| १८ | प्यान फ्लस | | | | |
| १९ | प्यान ट्याब | | | | |
| २० | ट्वाइलेट पेपर | | | | |
| २१ | झोल साबुन | | | | |
| २२ | ह्याण्ड स्यानिटाइजर | | | | |
| २३ | हात सुकाउने यन्त्र | | | | |
| २४ | न्यापकिन पेपर | | | | |
| २५ | फोहोर बिन | | | | |
| २६ | स्यानिटरी प्याड बिन | | | | |
| २७ | फर्निचर | | | | |
| २८ | जडानहरू | | | | |
| २९ | Ramp | | | | |
| ३० | Ramp/समाउने रेलिंग | | | | |
| ३१ | Tactiles | | | | |
| ३२ | घण्टी | | | | |
| ३३ | अपाङ्गमैत्री जडानहरू | | | | |
| ३४ | स्यानीटरी प्याड वितरण यन्त्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | स्यानीटरी प्याड विसर्जन उपकरण | | | | |
| ३६ | जगेडा सामग्री (Stock of Spare Parts) | | | | |
| ३७ | उपभोग्य वस्तुहरूको जगेडा (Stock of consumable products) | | | | |
| ३८ | विद्युतीय स्वीच | | | | |
| ३९ | प्रकाश | | | | |
| ४० | प्रकाश ब्याकअप (Lighting Backups) | | | | |
| ४१ | वायुसञ्चार | | | | |
| ४२ | प्लम्बिङ | | | | |
| ४३ | शौचालय भित्री बाहिरी संरचना (Toilet Infrastructure, Inside Out) | | | | |
| ४४ | विज्ञापन बोर्ड | | | | |
| ४५ | विज्ञापन प्रकाश बोर्ड (Advertisement Light Board) | | | | |
| ४६ | सेप्टिक ट्याङ्की | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | फोहोरपानी प्रशोधन प्रणाली (Effluent Treatment System) | | | | |
| ४८ | पृष्ठपोषण मोड्युल (Feedback Module) | | | | |
| ४९ | प्रतिवेदन र अभिलेखहरू | | | | |
| प्लम्बर हस्ताक्षर | | | | | |
| बिजुलीवाला हस्ताक्षर | | | | | |
| डकर्मी हस्ताक्षर | | | | | |
| निरीक्षक हस्ताक्षर | | | | | |
| अनुगमन/निरीक्षण प्रमुख | | | | | |
| अनुक्रमणिका (Legend) | | | | | |
| G: राम्रो | | | | | |
| S: सन्तोषजनक (आवश्यक सुधार सम्बन्धमा अर्को अनुगमनमा होशियारीपूर्वक अनुगमन/निरीक्षण) | | | | | |
| N: सन्तोषजनक छैन (पेच कस्ने, चुहावत, जोर्नी खुकुलो जस्ता सामान्य मर्मत आवश्यक) | | | | | |
| OOO: काम नगरेको (तत्काल आवश्यक कार्य) | | | | | |
| नोटः आधिकारिक निरीक्षक वा निर्दिष्ट समूहद्वारा कम्तीमा हप्ताको एक पटक अनुगमन/निरीक्षण गरिनुपर्दछ। | | | | | |


२१.३.२. उपभोग्य वस्तुको जगेडा प्रमाणीकरण


स्थानः

| क्रसं | विवरण | महिना | | | |
|---|---|---|---|---|---|
| | | हप्ता १/ मिति | हप्ता २/ मिति | हप्ता ३/ मिति | हप्ता ४/ मिति |
| १ | ट्वाइलेट पेपर | | | | |
| २ | झोल साबुन | | | | |
| ३ | साबुन | | | | |
| ४ | ह्याण्ड स्यनिटाइजर | | | | |
| ५ | न्यापकिन पेपर | | | | |
| ६ | फोहोर राख्ने झोला | | | | |
| ६ | विद्युतीय बत्ती | | | | |
| ८ | स्यानीटरी प्याड | | | | |
| ९ | सफा गर्ने रसायन/सबै खालको सफाइको लागि | | | | |
| १० | डिटर्जेन्ट | | | | |
| ११ | धातु सफा गर्ने तथा चम्काउने | | | | |
| १२ | वायु सुगन्धित बनाउने/डिवडोराइजर | | | | |
| १३ | निसङ्क्रमण गर्ने रसायन | | | | |
| १४ | शिशा सफा गर्ने | | | | |
| १५ | किटाणुनाशक | | | | |
| १६ | काठ/फर्निचर सफा गर्ने | | | | |
| १७ | व्यक्तिगत सुरक्षा उपकरण | | | | |
| १८ | झाडु | | | | |
| १९ | डस्टप्यान | | | | |
| २० | बाल्टिन | | | | |
| २१ | प्लन्जर | | | | |
| २२ | धुलो झार्ने | | | | |
| २३ | पानी सोस्ने र निचोर्ने | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | सफा गर्ने रूमाल | | | | |
| २५ | Tongs | | | | |
| २६ | शौचालय सफा गर्ने | | | | |
| २७ | भुइँ पुछ्ने | | | | |
| स्टोरकिपर हस्ताक्षर | | | | | |
| निरीक्षण हस्ताक्षर | | | | | |
| वरिष्ठ निरीक्षण हस्ताक्षर | | | | | |
| नोटः स्टकहरू नियमित रूपमा अद्यावधिक गरिनुपर्छ र सम्पूर्ण स्टक यथावत राख्ने जिम्मेवारी स्टोरकिपरको हुन्छ र सुपरभाइजरद्वारा नियमित रूपमा अनुगमन गरी वरिष्ठ पर्यवेक्षक/व्यवस्थापन मार्फत् प्रमाणित गरिनुपर्छ । भण्डारकक्ष भित्र र बाहिर उत्पादन गर्न स्टोरकिपरले एक अलग स्टक बुक राख्नुपर्छ । | | | | | |

२१.३.३. पृष्ठपोषण संयन्त्र




## २२. मुख्य कार्यसम्पादन सूचक (KPI)

सार्वजनिक शौचालयको लागि मुख्य कार्यसम्पादन सूचक (KPI) निम्नानुसार हुनेछ ।

| **क्र. सं.** | **मुख्य कार्यसम्पादन सूचक (Key Performance Indicators)** | **मापन/निरीक्षण (Measure/ Inspect)** | **प्रमाणीकरणको साधन (Means of Verification)** | **लक्ष्य (Target)** |
|---|---|---|---|---|
| १ | सफाइ र स्वच्छता | सफाइको अवृति (Cleaning frequency): स्वच्छता मापदण्ड पूरा गर्नको लागि सफाइ तालिकाको नियमित निरीक्षण | लगबुक (Logbook) | दैनिक कम्तीमा ३ पल्ट |
| | | स्वच्छता बनाइ राख्नको लागि चाहिने सामग्रीहरूको उपलब्धता | क्षेत्रगत निरीक्षण प्रतिवेदन | कम्तीमा हात धुने साबुन र पानी |
| २ | मर्मत सञ्चालन र प्रयोगकर्ताको सन्तुष्टि | Fixture ले गरेको छ छैन । | क्षेत्रगत निरीक्षण प्रतिवेदन | सधै शौचालय, धारा र हात सुखाउने उपकरण अदिको सञ्चालन अवस्था । |
| | | प्रयोगकर्ताको सन्तुष्टि सम्बोधन गर्न पृष्ठपोषण संयन्त्रको व्यवस्था | क्षेत्रगत निरीक्षण प्रतिवेदन | प्रयोगकर्ताको पृष्ठपोषण नियमित र विधिपूर्वक सम्बोधन गरिएको । |
| | | समयमा मर्मत गरिएको | क्षेत्रगत निरीक्षण प्रतिवेदन | बिग्रेका fixtures लाई थाहापाएको २४ घण्टाभित्र बनाइएको । |
| ३ | पहुँच | सबै खालका प्रयोगकर्ताहरूको लागि पहुँच भएको | क्षेत्रगत निरीक्षण प्रतिवेदन | महिला, पुरूष र अपाङ्गता भएकाहरूको लागि अलगअलग क्युबिकलको व्यवस्था |
| ४ | सुरक्षा (Safety and Security) | पर्याप्त उज्यालो | क्षेत्रगत निरीक्षण प्रतिवेदन | न्यूनतम् 200 lux को बत्ति |
| | | सबै प्रयोगकर्ताको लागि शौचालय प्रयोग सुरक्षित भएको । | क्षेत्रगत निरीक्षण प्रतिवेदन | सबै चुकुलले राम्ररी काम गरेको |
| ५ | अनुपालन र नियामक मानकहरू | वातावरणीय र स्वास्थ्यसम्बन्धी मापदण्डहरू र पेशागत स्वास्थ्य र सुरक्षा निर्देशिकाको पालना गरेको | क्षेत्रगत निरीक्षण प्रतिवेदन | सबै नियामक मापदण्डहरूको पालना भएको (सङ्घीय एवम् स्थानीय) |

यी KPI हरू स्थान, प्रयोगको तरिका र सार्वजनिक शौचालय सुविधाको विशिष्ट उद्देश्यहरूको आधारमा फरक हुन सक्छन् । यी सूचकहरूको नियमित अनुगमनले अधिकारीहरूलाई सार्वजनिक शौचालय सेवाहरूको गुणस्तर र प्रभावकारिता सुधार गर्न मद्दत गर्दछ ।

## २३. सम्झौतासम्बन्धी दस्तावेज (Contract document)

सार्वजनिक शौचालय सञ्चालन र व्यवस्थापनको लागि सम्झौतापत्रहरूमा मुख्यतया निम्न विधाहरू समावेश हुन्छन्:

१. **कार्यक्षेत्रको दायरा:** यसमा विशेष कार्य र जिम्मेवारीहरूको रूपरेखा लेखिन्छ जुन अनुबन्धित पक्षले गर्नुपर्ने हुन्छ । यसमा सरसफाइ र मर्मत कार्यतालिका, फोहोर विसर्जन र ट्वाइलेट पेपर वा साबुन उपलब्ध गराउने जस्ता अतिरिक्त सेवाहरू समावेश हुन्छन् ।

२. **नियम र सर्तहरू:** सम्झौता अवधिभर दुवै पक्षले पालना गर्न सहमत हुने नियम र शर्तहरू यसमा लेखिन्छ । यसमा भुक्तानी शर्तहरू, विवाद समाधान संयन्त्र, र समाप्ति खण्डहरू समावेश हुन्छन् ।

३. **कार्यसम्पादन मानकहरू:** अनुबन्धित पक्षले पूरा गर्ने अपेक्षा गरिएका मानकहरू जस्तै सफाई मापदण्ड, सफाई आवृत्ति, र प्रयोगकर्ता सन्तुष्टि स्तर आदि यसमा समावेश गरिन्छ ।

४. **भुक्तानी:** यसमा सम्झौता पक्षलाई कसरी र कहिले भुक्तानी गरिनेछ भनेर वर्णन गरिन्छ । यसमा निश्चित मासिक शुल्क, प्रयोग शुल्क, वा दुबै बारे उल्लेख हुन्छ ।

५. **सम्झौता अवधि:** यसमा सम्झौता अवधि र नवीकरणसम्बन्धी सर्तहरू राखिन्छ ।

६. **अधिकार र जिम्मेवारीहरू:** यस खण्डमा दुबै पक्षहरूको अधिकार र जिम्मेवारीहरूको रूपरेखा हुन्छ । जस्तै शौचालयको मर्मतसम्भारको लागि करार पक्ष जिम्मेवार हुनेछ, जबकि नगरपालिकाले आवश्यक पूर्वाधार उपलब्ध गराउन जिम्मेवारी लिनेछ ।

७. **दण्ड र प्रोत्साहनहरू:** यस खण्डमा कार्यसम्पादन मापदण्डहरू पूरा नगरेमा दण्ड र राम्रो कार्य वापत प्रोत्साहनसम्बन्धी व्यवस्था समावेश गरिन्छ ।

८. **अनुगमन र मूल्याङ्कन:** यस खण्डमा अनुबन्धित पक्षले कार्यसम्पादनको लागि कसरी अनुगमन र मूल्याङ्कन गर्नुपर्नेछ भनेर वर्णन गरिन्छ ।

यो एउटा नमुना खाका मात्रै हो । विशिष्ट सन्दर्भ र स्थानीय नियमहरूको आधारमा यसमा थपघट हुन सक्छन् । वास्तविक सम्झौतापत्रहरू शौचालयहरू सञ्चालन भइरहेको स्थानको विशिष्ट परिस्थिति र कानुनी आवश्यकताहरू अनुरूप परिमार्जन आवश्यक छ । सम्झौतापत्र तयार गर्दा कानुनी सल्लाह लिनु आवश्यक हुन्छ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**खानेपानी तथा ढल व्यवस्थापन विभाग**

पानीपोखरी, काठमाडौं ।